# हेटौंडा उपमहानगरपालिका

## आ.व. २०७७/७८

## बजेट बक्तब्य

## (निति र कार्यक्रम)

नगरप्रमुख एवम् नगरसभाका अध्यक्ष महोदय,

कार्यक्रमका प्रमुख अतिथि माननीय मुख्य मन्त्री श्री डोरमणि पौडेल ज्यू,

नगरसभा सदस्यज्यूहरू,

सञ्चारकर्मी मित्रहरु एवम् उपस्थित सम्पूर्ण महानुभावहरु

१. संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना पश्चात प्राप्त उपलब्धिको रुपमा स्थानीय सरकार गठन भई यस उपमहानगरपालिकाको चौथो बर्षको सातौ नगर सभा र आ.ब. २०७७/०७८ को नीति, कार्यक्रम तथा बजेट प्रस्तुतिको लागि यहाँहरुको सामु उपस्थित भएका छौं ।

२. यस घडीमा लोकतान्त्रिक गणतन्त्रका लागि भएका विभिन्न आन्दोलनहरुमा जीवन आहुति गर्नुहुने सम्पूर्ण ज्ञातअज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । साथै यस उपमहानगरपालिकाको कार्यपालिका सदस्य श्री रुपा खुलालको क्यान्सर रोगबाट असामयिक निधन भएकोमा उहाप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।

३. यस हेटौडा उपमहानगरलाई प्रदेशको अस्थायी राजधानीबाट स्थायी राजधानी र बागमती प्रदेशको नामकरण गर्न अहोरात्र अहम योगदान गर्नुहुने माननीय मुख्यमन्त्री ज्यू, प्रदेश सभाका माननीय सदस्य ज्यूहरु सहित बिभिन्न क्षेत्रबाट प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने आदरणीय नेतागणहरु एवं बिभिन्न संघसंस्थाहरु प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछौ ।

४. सचेत, सुसूचित र सँस्कारयुक्त नेपाली नागरिकको अथक मेहनत र गौरवपूर्ण बलिदानीबाट प्राप्त संविधान बमोजिम सार्वभौम जनताको चयनमार्फत निर्वाचित प्रतिनिधिबाट गठन भएको उपमहानगरपालिका नगरवासीहरुको आधारभूत हक तथा अधिकारप्रति सचेत र सदृश्य रहँदै "सफा हरियाली, फूलैफूलको सहर हेटौंडा" भन्ने सोचका साथ नेपाल सरकारको पन्ध्रौ योजना, दिगो विकासको लक्ष्य, संघ र प्रदेश सरकारको

बजेट एवं प्राथमिकता, स्थानीय सरकारको "समृद्ध हेटौडा, सुखी नगरवासी" बनाउने अल्पकालीन र दीर्घकालीन योजनाहरु प्रति दृढ रही नेपाल सरकारको "समृद्ध नेपाल, सुखी नेपाली" तथा प्रदेश सरकारको "स्वस्थ, सुसंस्कृत र सुखी जनता; समाजवाद उन्मुख समृद्ध प्रदेश" को राष्ट्रिय तथा प्रादेशिक आकाँक्षा पूरा गर्ने अभियानप्रति पूर्ण प्रतिबद्ध छौ।

५. विश्वभरी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) बाट सृजित विषम परिस्थितिको कारणले मुलुकको अर्थतन्त्र र समग्र शासन प्रक्रियामा नै जटिल अवस्था सृजना गरेको छ । यस्तो विशिष्ट र जटिल अवस्थाका कारण स्थानीय सरकारको पनि विकास प्रयास अबरुद्ध भै आर्थिक तथा मानवीय संकट उत्पन्न हुन पुगेको छ । कोभिड १९ का कारण दिवंगत हुनुहुने सम्पूर्ण नेपालीहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै उपचाररत सम्पूर्ण नेपालीहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछौ । साथै यस्तो विषम परिस्थितिमा अहोरात्र खट्नुहुने जनप्रतिनिधि, स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविका, सुरक्षाकर्मी, राष्ट्रसेवक कर्मचारीहरु, संचारकर्मी, नागरिक समाज लगायत अन्य सहयोगीमनहरु प्रति सम्मान प्रकट गर्न चाहन्छौ ।

नगर सभाका अध्यक्ष महोदय,

यस सम्मानित सभा समक्ष चालु आर्थिक बर्षमा सम्पन्न भएका मुख्य मुख्य क्षेत्रगत कार्यक्रमहरुको समिक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

६. कृषि तर्फ नगरको वडाहरुमा कृषक समूहहरुलाई तरकारी एवं अन्नबालीको बीउ वितरण, जैविक तरकारी उत्पादनको लागि प्लाष्टिक टनेल निर्माण, नगरको बिभिन्न ६ स्थानहरुमा माटो परिक्षण कार्य, नगरस्तरीय कृषि मेला प्रदर्शनी, उत्कृष्ट कृषक पुरस्कार वितरण, १६ वटा समुह तथा सहकारी मार्फत साना सिंचाई संरचना निर्माण तथा मर्मत, कृषि सहकारीहरू मार्फत

बिभिन्न कार्यक्रम संचालन र ४० टन कृषि चुन वितरण कार्य सम्पन्न गरिएको छ ।

७. निःशुल्क पशु कृत्रिम गर्भाधान कार्यक्रम, ब्यबसायिक कृषक समूहहरुलाई उन्नत जातका बाख्रा एवं बोका वितरण, पाडापाडी वितरण कार्य, बाख्राको खोर तथा गोठ सुधार कार्यक्रम, उन्नत जातका घाँस वितरण कार्यहरु सम्पन्न गरिएका छन् ।

८. नगर कृषि तथा पशुसंग सम्बन्धित प्रोफाईल तयारीका लागि तथ्यांक संकलन गर्ने कार्य सम्पन्न भएको छ ।

९. साविक डिभिजन सहकारी कार्यालयबाट हस्तान्तरण भई हाल २२५ वटा सहकारी संस्थाहरु नगरमा क्रियाशील रहेका छन । जिल्ला सहकारी संघको समन्वयमा बचत तथा ऋण सहकारी र दुग्ध सहकारी संस्थामा आबद्ध २५ जना कर्मचारीहरुलाई २ दिने कोपोमिस तालिम, सहकारी ब्यबस्थापन र लेखा सम्बन्धी तालिम सम्पन्न भएका छन । नगर क्षेत्र भित्र रहेका सहकारी संस्थाहरुको तोकिएको समयमा नै बार्षिक साधारण सभा सम्पन्न गर्न र कोपोमिस सफ्टवेयर मार्फत नियमित प्रतिबेदन गर्ने प्रणालीको विकास गर्न नियमित रुपमा अनुगमन गरिएको छ ।

१०. नगर क्षेत्र भित्र रहेका घ बर्गका ३०५ जना निर्माण ब्यबसायीहरुको ईजाजत फर्म नबिकरण गर्ने कार्य सम्पन्न भई नियमानुसार ठाउँसारी, नामसारी तथा लगत कट्टा गर्ने कार्य पनि सम्पन्न भएको छ ।

११. महिला उद्धमीहरुलाई प्रोत्साहनका लागि महिला ब्यापार मेलामा सहयोग, स्थानीय हाटबजार ब्यबस्थापनको लागि सेड घर निर्माण, उद्धम विकासको लागि दलित समुदायलाई सिलाइ मेशिन वितरण, जुत्ता ब्यबसाय संचालनका लागि औजार उपकरण सहयोग कार्य सम्पन्न भएको छ ।

१२. विश्व पर्यटन दिवस मनाउने सिलसिलामा नगरको बिभिन्न स्थानमा सरसफाई साथै नेपाल भ्रमण बर्षको सन्दर्भमा निजी क्षेत्र समेतको सहभागितामा नगरको पर्यटन गन्तव्यको अबलोकन एवं अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

१३. नगर क्षेत्रभित्रका सबै ब्यबसायीहरुलाई करको दायरामा समेट्ने प्रयोजनका लागि ब्यबसायीहरुको तथ्यांक अध्यावधिक गर्न व्यवसाय कर संकलन टोली परिचालन भइरहेको छ ।

१४. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत बेरोजगार सूचीमा सूचीकृतहरुलाई लक्षित गरी नगरका बिभिन्न ९ स्थानहरुमा तटबन्ध निर्माण, सिंढी निर्माण, पैदल मार्ग, सिंचाई कुलो, नाली निर्माण, नाला सरसफाई र पार्क निर्माण जस्ता कार्यक्रमहरु संचालन गरी सम्पन्नको अन्तिम चरणमा रहेको छ । यसबाट बेरोजगार सूचीमा रहेका सूचीकृत ४७५ जना लाभान्वित भएका छन ।

१५. नेपाल सरकार, श्रम रोजगार तथा गरिवी निवारण मन्त्रालय र स्वीटजरल्यान्ड सरकारको साझेदारी सम्झौता बमोजिम यस उपमहानगरपालिका समेतमा संचालित सुरक्षित आप्रवासन कार्यक्रम (सामी परियोजना) अन्तर्गत उपमहानगरपालिका र सेवा प्रदायक संस्था **IVDS** बीच भएको सम्झौता बमोजिमका कार्यहरु सेवा प्रदायक संस्थाको छनौंट प्रक्रियामा ढिलाई र बर्तमान कोरोना भाइरसको प्रभावका कारण आंशिक रुपमा सम्पन्न भएको अवस्था छ ।

१६. चालु आ.व. को स्वीकृत वडा तथा नगर स्तरीय सामाजिक विकास तर्फका कार्यक्रम अन्तर्गत २७७ वटा योजना सम्झौता भई १६७ वटा सम्पन्न भएको र ५८ वटा चालु अवस्थामा छन । सम्पन्न योजनामध्ये २१ वटा सीपमूलक कार्यक्रमबाट ७२५ जनाले विभिन्न सीपमूलक तालीम प्राप्त गरेका छन् । क्षमता विकास तथा नेतृत्व विकाससंग सम्बन्धित

तालीम कार्यक्रम ३० वटा सम्पन्न भएका छन् । अन्य कार्यक्रमहरुमा लोक सेवा आयोग तयारी कक्षा, जेष्ठ नागरिक सम्मान, स्वास्थ्य शिवीर संचालन, दिवसीय कार्यक्रमहरु, खेलकूदका कार्यक्रम, संस्कृति प्रवर्धन, भाषा प्रशिक्षण लगायतका कार्यक्रमहरु रहेका छन् ।

१७. समाजको विकास निर्माण र रुपान्तरणको प्रक्रियामा युवाहरुलाई समेट्दै विकृति विसंगतिमुक्त समाज निर्माण अभियान अन्तर्गत चालु आ.व. मा यस उपमहानगरपालिकाका १५ वटा वडाहरुमा बृहत युवा भेला आयोजना गरी वडा स्तरीय युवा क्लव गठन गर्ने कार्य सम्पन्न भएको छ ।

१८. विकास निर्माण र सामाजिक परिचालनमा नागरिकको सहभागितालाई प्रभावकारी बनाउन यस उपमहानगरपालिकामा टोल विकास संस्था गठन, क्षमता विकास र परिचालनको कार्य गत विगत वर्षदेखि नै हुँदै आएकोमा चालु आ.व. को जेष्ठ मसान्तसम्म विभिन्न वडामा नयाँ थप ४१ वटा टोल विकास संस्था गठन भई टोल विकास संस्थाको कुल संख्या ३२६ पुगेको र २५ वटा टोल विकास संस्था हाल दर्ता प्रक्रियामा रहेका छन ।

१९. बागमती प्रदेश सरकारको सहयोगमा हेटौंडा-११ मा हिंसा पिडित महिलाहरुका लागि अल्पकालीन आश्रयस्थल भवन (सेफ हाउस) निर्माण कार्य चालु अवस्थामा रहेको र आगामी आ.व.को पहिलो चौमासिक सम्ममा निर्माण कार्य सम्पन्न गरी सोही भवनमा सेवा सञ्चालन गर्ने अवस्था रहेको छ ।

२०. राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडिपी) को सहयोग र यस उपमहानगरपालिकाको सहलगानीमा संचालित **Leaving Noone Behind Through Entrepreneur Development** परियोजना अन्तर्गत व्यवसायिक फलफुल, फुल र कृषितर्फ टनेल खेतीका कार्यक्रम अन्तर्गत कुल २६५ जना उद्यमी तयार भई उद्यम समूह दर्ता गरी व्यवसायिक रुपमा कार्य थालनी गर्न प्रविधि सहयोगका कार्यहरु सम्पन्न भएको छ ।

त्यसैगरी सोही परियोजना अन्तर्गत होमस्टे, एकीकृत इलेक्ट्रीकल, फाइवर झोला निर्माण, सेनेटरी प्याड निर्माण, काष्ठकला, अटो मर्मत मेकानिक्स, मोबाइल मर्मत, खाजा उद्यममा कुल १०० जना उद्यमी तयार गरी उद्यम समूह दर्ता भई स्वरोजगार बन्न सफल भएका छन ।

२१. न्यायिक समिति अन्तर्गत चालु आ.व. मा नयाँ दर्ता भएका मुद्धा संख्या १४२, प्रक्रियामा रही अघिल्लो बर्षबाट जिम्मेवारी सरेका मुद्धा २९ गरी कुल मुद्धा १७१ रहेको छ । जसमध्ये मिलापत्र भएको ८२, मिलापत्र हुन नसकेको २६ र प्रक्रियामा रहेको ६३ मुद्धा रहेका छन् । यस आ.व. मा समितिको स्वीकृत कार्यक्रम अन्तर्गत मेलमिलापकर्ताको बार्षिक समिक्षा भेला, पाक्षिक न्यायिक डबली रेडियो कार्यक्रम, इजलास कक्षको पूर्वाधार सुधार सम्पन्न भएको छ । चालु आ.व. भित्रै न्यायिक समितिको गतिविधि समेटिएको डकुमेन्ट्री निर्माण, सन्देशमुलक पकेट क्यालेन्डर छपाई, ब्रुसर छपाई, सन्देशमुलक सूचना र गतिविधि समेटिएको कपी छपाईको कार्य सम्पन्न गर्नेगरी अघि बढाइएको छ ।सूचीकृत सबै मेलमिलापकर्ताको कोरोना बिमा गरिएको छ ।

२२. उपभोग्य खाद्य बस्तुको गुणस्तर परीक्षण गर्न यस उपमहानगरपालिकामा सञ्चालित खाद्य परीक्षण प्रयोगशालामा चालु आ.व. मा खुल्ला दूध, प्रशोधित पिउने पानी, कलको पानी, आइसक्रिम, डेरी घिउ, तेल, मह, फ्रेस मिल्क, जस्ता खाद्य बस्तुको ४६ वटा नमूना परीक्षण गरिएको छ ।साथै बिभिन्न मितिमा सरोकारवालाहरु सहितको उपस्थितिमा खाद्य बस्तु बेचबिखन गर्ने ब्यबसायहरुको अनुगमन गरिएको छ ।

२३. सञ्चारकर्मी पत्रकारहरुलाई आइपर्नसक्ने आकस्मिक स्वास्थ्य समस्याको उपचारमा सहयोग गर्न पत्रकार उपचार कोषमा चालु आ.व. मा रु.४ लाख उपलब्ध गराइएको छ ।साथै मकवानपुर जिल्ला पत्रकार महासंघमा आबद्ध १६३ जना पत्रकारहरुको कोरोना तथा दूर्घटना बिमा गर्ने कार्य सम्पन्न गरिएको छ ।

२४. नगरका सबै वडाहरुमा आधारभुत स्वास्थ्य सेवा उपलब्ध गराउन स्वास्थ्य सेवा विस्तार गर्ने नीति अनुरुप चालु आ.व. मा वडा नं. २,४,५,१०,१२,१६ र १९ मा सेवा बिस्तार भई उपमहानगरपालिकाका सबै वडाहरुमा स्वास्थ्य संस्था संचालन गरिएको छ । स्वास्थ्य संस्थाबाट प्रबाह गरिने सेवा विस्तार गर्न, प्रभावकारी र दिगो बनाउन स्वास्थ्य संस्थाहरुको छुट्टै भवन निर्माणको कार्य अघि बढाइएको छ । वडा नं. १, १२, १४, १६, १८ र १९ मा स्वास्थ्य संस्थाहरुको निर्माण कार्य चालु बर्ष भित्र नै सम्पन्न हुने अवस्थामा रहेको छ ।

२५. स्वस्थ्य र सुसंगठित शरीर निर्माणका लागि एक वडा एक जिम क्लवको अवधारणा बमोजिम यस आ.व. मा वडा नं. ५ र ९ मा जिम क्लवका लागि सामग्री सहयोग गरिएको छ । खेलमैदान पूर्वाधार सुधार र राष्ट्रपति रनिङ्ग शिल्ड खेल प्रतियोगिताको आयोजना लगायत विभिन्न खेल प्रतियोगिताहरु आयोजनामा सहयोग एवं सहकार्य गरिएको छ । साग गेममा पदक विजेता विभिन्न विधाका १४ खेलाडीहरुलाई नगद पुरस्कार सहित सम्मान गरिएको छ ।

२६. चितवनमा निर्माणाधीन गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशालाको पूर्वाधार निर्माणका लागि यस आ.व. मा रु.३० लाख सहयोग उपलब्ध गराइएको छ ।

२७. यस उपमहानगरपालिका समेतको समन्वय र सहयोगमा हेटौंडा अस्पतालबाट मृगौला डायलासिस सेवा संचालनका लागि आवश्यक तयारी करीव पूरा भएको अवस्थामा रहेको  र हालसम्म सेवा शुरु भैसक्नुपर्ने अवस्था भएकोमा कोराना भाइरसको प्रभावका कारण केही प्राविधिक काम हुन नसकेको हुँदा अवस्था सहज हुनासाथ सञ्चालन हुने अवस्थामा पुगेको छ ।

२८. नगर क्षेत्रभित्रका अति विपन्न, सिमान्तकृत समुदायका परिवारहरुको स्वास्थ्य विमाको लागि कार्यविधि स्वीकृत भई मापदण्ड बमोजिम छनौंट भएका २५५ परिवारको स्वास्थ्य विमा गर्ने कार्य सम्पन्न भएको छ ।

२९. सुत्केरी महिलाको स्वास्थ्यलाई मध्यनजर गरी जनप्रतिनिधि र स्वास्थ्यकर्मी सहितको टोलीबाट घरभेट कार्यक्रम मार्फत सुत्केरी महिलाको स्वास्थ्य जाँच र पोषणयुक्त कोशेली प्रदान गर्ने कार्यक्रम अन्तर्गत चालु आ.व. मा ८१० जना सुत्केरीसंग भेटघाट गरिएको छ ।

३०. विभिन्न किसिमका दीर्घ रोगबाट थलिएर बसेका बिरामीहरुलाई नियमित रुपमा घरदैलोमा गई स्वास्थ्य उपचार सेवा उपलब्ध गराउने कार्यक्रम प्यालिएटिभ केयर संचालन गर्न पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानसंग सम्झौता भई हालै प्रतिष्ठानबाट यस उपमहानगरपालिकाका ४ जना स्वास्थ्यकर्मीले आवश्यक तालीम लिएर आएको र तत्कालै सेवा सञ्चालनको लागि आवश्यक तयारी भैरहेको छ ।

३१. विश्वव्यापी महामारीको रुपमा देखा परेको कोभिड १९ (कोरोना) भाइरसको प्रभावलाई न्यूनीकरण गर्न तथा नेपाल सरकारबाट घोषणा गरिएको लकडाउनका कारण प्रभावित बनेका परिवारलाई राहत सहयोग व्यवस्थापन गर्न उपमहानगरपालिकाबाट विभिन्न प्रयासहरु गरिएको छ । यस अन्तर्गत उपमहानगरपालिका क्षेत्रका करीव १३ हजार ७ सय परिवारलाई राहत वितरण, वडा कार्यालयहरुबाट मास्क वितरण, सचेतनाका लागि घरदैलोमा माइकिङ्ग, आमसञ्चारका माध्यमबाट कोभिड सम्बन्धी जानकारी, विभिन्न क्षेत्रहरुमा (डिसइन्फेक्सन) **Disinfection** गर्ने कार्य भएका छन । कार्यालयका जनशक्ति प्रयोग गरी कार्यालयकै समन्वयमा विभिन्न वडामा ८ सय २ **RDT Test**, ६ सय ५९ **PCR Test**, ३७ जनाको **Case Investigation** र **Contact Tracing** गरिएको छ । हेटौडा-४ स्थित श्री श्रमिक मा.वि. भवनमा **Isolation Ward** संचालन गरिएको जसमा ६ सय ५९ जनालाई सेवा प्रदान गरिएको छ ।

उपमहानगरपालिकाका ८ वटा वडाहरुका ११ स्थानमा **Quarantine** निर्माण गरिएको छ । र त्यसैगरी जि.स.स. ले संयोजन गरेको **Holding Centre** संचालनमा आवश्यक सहयोग गरिएको छ । लकडाउनका कारण अन्यत्र अलपत्र परेका नगरबासीहरुलाई सुरक्षित तवरले घरसम्म ल्याउन र अन्यत्रबाट आई अलपत्र परेकालाई गन्तव्य स्थलसम्म पुर्याउन आवश्यक समन्वय र सहयोग गरिएको छ । करीव २५० जना सुत्केरीकै घरमा पुगी पोषण कोशेली वितरण गरिएको छ । एचआइभि संक्रमित ५० परिवारलाई राहत सहयोग प्रदान गरिएको छ । सम्पूर्ण स्वास्थ्यकर्मी कर्मचारी, महिला स्वास्थ्य स्वयमसेविका, सुरक्षाकर्मी लगायत सम्पूर्ण कर्मचारीहरुको कोरोना विमा गरिएको छ ।

३२. सामुदायिक विद्यालयका छात्राहरुका लागि निःशुल्क स्यानेटरी प्याड वितरण कार्यलाई निरन्तरता दिंदै चालू आर्थिक बर्षका लागि खरिद प्रक्रिया सम्पन्न गरिएको छ ।

३३. गत बर्षमा उपलब्ध गराउदै आएको दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिंदै यस बर्ष १० वटा विद्यालयमा दिवा खाजा वापतको रकम उपलब्ध गराइएको छ। नगरको दूर्गम क्षेत्रका शिक्षकहरुलाई थप प्रोत्साहन सुविधा र वाल विकास सहयोगी कार्यकर्तालाई प्रोत्साहन सुविधा वापतको रकम विद्यालयको खातामा निकासा गरिसकेको छ । त्यसैगरी युरोगार्ड जडान, विज्ञान प्रयोगशाला निर्माण, सूचना प्रविधि सहितको नमूना विद्यालय कार्यक्रमका लागि सम्बन्धित बिद्यालयसंग सम्झौता भई अन्तिम चरणमा रहेको छ ।

३४. बाल विकास देखि कक्षा १२ सम्म अध्यापन गराउने शिक्षक र उत्कृष्ट विद्यालयलाई पुरस्कार वितरण कार्यक्रम सम्पन्न, बिद्यालयस्तरको खेल प्रतियोगिता राष्ट्रपति रनिङ्ग शिल्ड सम्पन्न, स्थानीय पाठ्यक्रम निर्माणका लागि समिति गठन र कक्षा ८ को नगरस्तरीय बार्षिक परिक्षा सफल रुपमा संचालन गरि नतिजा समेत प्रकाशन भैसकेको छ । साथै २ वटा

नमूना विद्यालय निर्माणका लागि संघीय सरकारबाट ३ करोड रकम प्राप्त भएकोमा श्री चन्द्रोदय मा.वि., हेटौंडा-८ संग सम्झौता भै कार्य अन्तिम चरणमा र श्री आधुनिक मा.वि., हेटौंडा ४ संग सम्झौता प्रकृया अगाडी बढाइसकेको अवस्था छ ।

३५. सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर अभिबृद्धिका लागि विद्युतीय हाजिरी जडान, सिसि क्यामेरा जडान, कम्प्यूटर हस्तान्तरणका साथै वडास्तरीय बजेटबाट हेटौंडा-१८ स्थित श्री ज्योती मा.वि. लाई बस खरिदका लागि ७ लाख अनुदान रकम उपलब्ध गराइएको छ ।

३६. गत बर्ष देखि नै हेटौंडा-१९ मा निर्माण भै रहेको छात्राबास निर्माण कार्यको पहिलो चरणको निर्माण कार्य सम्पन्न भएको छ ।

३७. जात्रा, पर्व, उत्सब, सांस्कृतिक संरक्षण तथा प्रबर्धनमा अनुदान सहयोग उपलब्ध गराइएको छ । साथै ३ वटा गुम्वा, ९ वटा मन्दिर, २ वटा चर्च, कृयापुत्री घर तथा शवदाह गृह निर्माण सहितको भौतिक पूर्वाधार निर्माण कार्य संचालन गरिएको छ।

३८. पूर्वाधार क्षेत्र तर्फको चालु आर्थिक वर्षको जेष्ठ मसान्तसम्म २० कि.मि. सडक स्ल्याब ढलान, सडक कालोपत्रे ५ सय ४ मिटर, सडक स्तरीकरण ३३ कि.मि., सडक नयाँ ट्रयाक खोल्ने कार्य १२ कि.मि. कार्य सम्पन्न भएको छ । त्यसैगरी खानेपानी पूर्वाधार तर्फ ३ वटा, शैक्षिक पूर्वाधार तर्फ १४ वटा, पर्यटन पूर्वाधार तर्फ ६ वटा, खेलकुद पूर्वाधार तर्फ ४ वटा, गुम्बा निर्माण तर्फ ३ वटा, मन्दिर निर्माण तथा मर्मत तर्फ ९ वटा, तटबन्धन योजना तर्फ २ वटा, स्वास्थ्य संस्था पूर्वाधार तर्फ ३ वटा र अन्य पूर्वाधार तर्फका ११ वटा योजनाहरु सम्पन्न भएका छन ।

३९. दक्षिण एशियाकै पहिलो मानव निर्मित सुरुङ्गको संरक्षण र सम्बर्धन गर्ने कार्यलाई निरन्तरता दिदै सुरुङ्ग परिसरमा सुरुङ्गका डिजाईनर बिग्रेडिएर

कर्णेल डिल्लिजंग थापाको प्रतिमूर्ती स्थापनाको प्रकृया अन्तिम चरणमा पुगेको अवस्था छ।

४०. युवा तथा वालवालिकाहरुको शारीरिक तथा मानसिक विकासका लागि उपमहानगरपालिकाले विभिन्न खेलकुद क्रियाकलाप संचालन गर्न हेटौडा-८ को चन्द्रोदय मा.वि.को चौरमा प्रदेश सरकारसंगको सहकार्यमा यसै बर्ष भित्र सम्पन्न हुने गरी निर्माण गर्न लागिएको प्याराफिटसहितको खेलकुद प्रशिक्षण केन्द्र निर्माणको लागि दोस्रो पटकको टेण्डर प्रकृया अगाडी बढाईएको छ ।

४१. दाहसंस्कारलाई व्यवस्थित र वातावरणमैत्री बनाउन हेटौंडा-१० स्थित राप्ती नदी किनारमा **Cremation Machine** जडान गर्ने कार्य चालु आ.व. को अन्त्य सम्ममा सम्पन्न गर्नेगरी खरीद प्रक्रिया सम्पन्न भएकोमा उपयुक्त स्थानमा जडान गरी सेवा सुचारु गरिनेछ ।

४२. व्यवस्थित बस टर्मिनल भवन तथा बसपार्क निर्माण कार्यको लागि ६३ करोड बराबरको लागतमा निर्माण सम्पन्न गर्ने गरी बोलपत्र आब्हान भई पेश हुन आएको बोलपत्रहरु मुल्यांकनको चरणमा रहेको हुँदा चालु बर्षमा नै ठेक्का सम्झौता कार्य सम्पन्न गरी निर्माण कार्य प्रारम्भ गरिनेछ।

४३. हेटौंडा-४ स्थित बासुदेव सभागृह रहेको स्थानमा आधुनिक, समयसापेक्ष सुविधायुक्त सभागृह सहितको बासुदेव बहुउद्देश्यीय व्यवसायिक कम्पलेक्स र भ्यूटावर निर्माणको लागि बिस्तृत परियोजना तयार भईरहेको अवस्था छ ।

४४. पुरानो बसपार्क क्षेत्र स्थित १० नं. वडा कार्यालय भवन रहेको स्थानमा आधुनिक सुविधायुक्त संरचना सहितको व्यवसायिक कम्पलेक्स भवन निर्माणका गर्नका लागि बिस्तृत परियोजना तयार पार्ने कार्य भईरहेको छ ।

४५.हेटौंडा-२ कार्यालय परिसर पछ्याडिको खुल्ला मञ्च रहेको क्षेत्रमा करिव ५०० क्षमता रहेको सभागृह निर्माणको लागि बागमती प्रदेश सरकारको लगानीमा ठेक्का प्रक्रिया प्रारम्भ भैसकेको छ ।

४६.खेलकुद प्रबर्धन तथा साईकल यात्रीहरुलाई सुरक्षित आवागमनको लागि उपमहानगरपालिकाको गुम्बाडांडा गोरक्षताल वडा नं. १८ मा १६ कि.मी लामो साईकल ट्र्याक निर्माण पहिलो चरणको काम सम्पन्न भएको छ ।

४७.कर्रा करिडोर निर्माण आयोजनाको बिस्तृत परियोजना अनुरुप पहिलो चरणको निर्माण कार्य ठेक्का प्रक्रियाबाट कर्रा पुलको पूर्व तर्फ वडा नं. ४ र ८ मा निर्माण कार्य शुरु गरिएको छ।

४८.जीर्ण काठेपूल भएर गरिने जोखिम पूर्ण यात्रा गर्नुपर्ने बाध्यतालाई अन्त्य गर्न नगर क्षेत्रभित्र सञ्चालनमा रहेका जीर्ण काठे पूलहरुको विस्थापन गर्ने कार्य अन्तर्गत वडा नं. १८ मा जीर्ण काठे पूल विस्थापन गरिएको छ ।

४९.६३ कि.मी लामो चक्रपथ क्रमशः निर्माण सम्पन्न गर्ने लक्ष्य अनुरुप उपमहानगरपालिकाले यस आ. ब. मा उक्त चक्रपथको १५ नं. वडा क्षेत्रमा निर्माण कार्यको लागि पुन ठेक्का प्रक्रिया अगाडी बढाईएको छ ।

५०.वडा नं. १७ र १८ को राजदेवी सडक खण्ड निर्माणका लागि प्रदेश सरकारसंगको साझेदारीमा समपूरक अनुदान कार्यक्रम अन्तर्गत १ करोड ९९ लाख ९८ हजार बजेट विनियोजन गरी ठेक्का प्रक्रियाबाट निर्माण कार्य सम्झौता भई कार्यन्वयन प्रक्रियामा रहेको छ ।

५१.शहरी क्षेत्रको सडकको स्तरोन्नती गरी यातायात आवागमनलाई व्यवस्थित गर्ने कार्यक्रम अन्तर्गत प्रदेश सरकारसंगको साझेदारीमा समपूरक अनुदान कार्यक्रम अन्तर्गत हेटौडा-५ सानोपोखरा चोक देखि भैरबरोडसम्म बाटो स्तरीकरणका लागि १ करोड ७९ लाख ५२ हजार बजेट विनियोजन गरी

ठेक्का प्रक्रियाबाट निर्माण कार्य सम्झौता भई कार्यन्वयन प्रक्रियामा रहेको छ ।

५२.चालु आ.वा. मा निर्माण हुने गरी हेटौडा-१५ प्रस्ताब गरिएको अटो भिलेज निर्माण कार्य जग्गा प्राप्ति सम्बन्धी टुंगो नलागेकोले सो परियोजना प्रदेश सरकारको सहयोगमा हेटौडा-११ राप्ती नदी उकास क्षेत्रमा निर्माण कार्य गर्ने गरी डीपीआर तयार गर्ने कार्य सम्पन्न भएको छ ।

५३. हेटौडा-११ थानाभर्याङ्ग राप्ती पुल नजिकको खाली जग्गामा उपमहानगरपालिकाको समेत लागत सहभागितामा कृषि थोक बजार निर्माण गर्नका लागि प्रदेश सरकारबाट डीपीआर तयार भै निर्माण कार्य प्रारम्भ गर्ने चरणमा रहेको छ ।

५४. यस नगरीलाई फुलैफुलको शहरको रुपमा विकास गर्ने योजना अनुरुप चालु आ.व. को यस अवधिभित्र मुख्य बजार क्षेत्रका सडक किनारामा करीव ७ हजार ८ सय  विभिन्न जातका फूलविरुवा लगाउने कार्य सम्पन्न भएको छ ।

५५. जैविक फोहोर व्यवस्थापन गर्न बैकल्पिक उर्जा प्रवर्धन कार्यक्रम मार्फत छनौट भएको कम्पनी राप्ती रिन्युएवल प्रा.लि. बाट नगर क्षेत्रको कुहिने फोहोर, मानव मलमुत्र तथा पशुबधस्थलबाट निस्कने फोहरबाट ग्याँस उत्पादन गर्नको लागि हेटौडा-१० स्थित हालको फोहर बिसर्जन स्थल नजिकको क्षेत्र निर्धारण भई योजना अगाडी बढाइएको छ ।

५६. नेपाल सरकार वन तथा वातावरण मन्त्रालय, वातावरण विभागबाट निर्माण हुने बायु गुणस्तर मापन केन्द्र स्थापनाका लागि हेटौंडा-४ स्थित वडा कार्यालयसंगैको स्थानमा चालु आ.ब. भित्रै संचालनमा आउने गरी कार्य अघि बढाईएको छ ।

५७. १ हजार वर्ग फिटसम्मका नयाँ घर निर्माण निशुल्क नक्शा २६३ वटा तयार गरिएको छ ।

५८. चालू आर्थिक वर्षमा सुशासन तथा पारदर्शिताका लागि उपमहानगरपालिकाबाट सम्पादन भएका कार्यहरुको विवरण आम नगरवासीलाई सम्प्रेषण गर्न बिभिन्न रेडियो कार्यक्रमहरु संचालन गरिएको छ ।

५९. व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्तालाई चालू आर्थिक वर्षमा अनलाईन प्रणालीसंग आवद्ध गरिएको छ भने सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको तथ्याङ्क अध्यावधिक कार्य नियमित रूपमा भैरहेको छ।

६०. आधारभुत नक्सा (**Base Map**) निर्माणको लागि नगरको सबै भाग समेटिने गरी सेटेलाईट ईमेज खरिद गरी फिल्ड सर्वेको कार्य भैरहेको छ।

६१. गरीब घर पहिचान तथा परिचय पत्र वितरण कार्यक्रम र नगर प्रोफाइल तयारीका लागि आबश्यक पर्ने तथ्यांक संकलन गर्न ३२ जना गणक र ४ जना सुपरभाइजर मार्फत घरधुरी तथ्याङ्क संकलन गर्ने कार्य भैरहेको र हालसम्म २३ हजार ५ सय ६३ घरको तथ्यांक संकलन भएको छ ।

६२. **KOICA** संगको सहकार्यमा १२ कोरको अप्टिकल फाईबर सहित नगरका सम्पूर्ण वडाहरुमा नेटवर्किङ्ग गर्ने कार्य सुरु भएको छ।

६३. सामाजिक सुरक्षा भत्ता तर्फ कुल ११ हजार ६१ जना लाभग्राहीहरुले सामाजिक सुरक्षा भत्ता प्राप्त गरेका छन् ।

६४. चालु आर्थिक बर्षको आन्तरिक आय तर्फको अनुमान बमोजिम'को लक्ष्य हासिल भएको छ ।

६५. नेपालमा नै पहिलो अभ्यासको रुपमा उद्योग संघको पहलमा औद्योगिक क्षेत्र भित्रका ७० वटा उद्योगहरु ब्यबसाय दर्ता गरी करको दायरामा आएका छन् ।

६६. यस उपमहानगरपालिकाबाट प्रवाह हुने सेवाहरुको लागि महाशाखा ८ वटा, शाखाहरु २२ वटा, वडा कार्यालयहरु १९ वटा, स्वास्थ्य संस्थाहरु २० वटा, पशुसेवा केन्द्र ४ वटा, आयुर्बेद सेवा केन्द्र २ वटाबाट सेवा प्रवाह हुँदै आएको छ ।यसैगरी कार्यपालिकाको बैठक २१ वटा सम्पन्न भएका छन भने यस अवधिमा नगर सभा २ पटक सम्पन्न भएका छन् । यसै गरी स्थायी, अस्थायी, करार, दैनिक ज्यालादारी गरी कुल ३८० जना कर्मचारी हाल उपमहानगरपालिकामा कार्यरत रहेका छन् ।

६७. यस उपमहानगपालिकाबाट चालु आ. व. मा १० वटा कार्यविधि, ४ वटा निर्देशिका, २ वटा मापदण्ड, २ वटा कार्ययोजना, नियमावली, मार्गदर्शन र नीति १/१ वटा स्वीकृत भई कुल २१ वटा कार्यविधि तथा नियमावली र निर्देशिकाहरु निर्माण भएका छन् ।

६८. चालु आर्थिक बर्षको यस अवधिमा संघीय सरकारको वित्तीय हस्तान्तरण अनुदान तर्फ ८७.८२ प्रतिशत रु.८५ करोड २८ लाख १४ हजार, प्रदेश सरकार वित्तीय हस्तान्तरण अनुदान तर्फ ४३.५३ प्रतिशत रु.२ करोड ५४ लाख २ हजार, संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँड तर्फ ९४.०२ प्रतिशत रु. ५३ करोड ७२ लाख ४० हजार र आन्तरिक स्रोत परिचालनबाट ७३.४० प्रतिशत रु.१७ करोड ३ लाख ५६ हजार समेत कुल ८६.५१ प्रतिशत अर्थात रु. १ अर्ब ५८ करोड ५८ लाख रुपैया राजस्व संकलन गर्न सफल भएका छौ ।

६९. त्यसैगरी चालु आर्थिक बर्षको यस अवधिमा चालु खर्च (प्रशासनिक तथा कार्यक्रम खर्च ) तर्फ ७०.३४ प्रतिशत अर्थात् रु. ७५ करोड ३८ लाख

२२ हजार र पूँजीगत खर्च तर्फ २८.४९ प्रतिशत अर्थात् रु.३१ करोड ७७ लाख ४१ हजार समेत कुल रु. १ अर्ब ७ करोड १५ लाख अर्थात् ४९ प्रतिशत रकम खर्च भएको अवस्था छ ।

७०. अन्तर सरकारी अख्तियारी तर्फ एकल खाता मार्फत भुक्तानी हुने राष्ट्रिय पञ्जिकरण तथा परिचयपत्र कार्यक्रम, सामाजिक सुरक्षा कार्यक्रम, गरिबसँग विशेश्वर कार्यक्रम, राष्ट्रपति महिला उत्थान कार्यक्रम, स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम र प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम तर्फ कुल खर्च गर्ने अख्तियारी बमोजिम रु.३५ करोड ४८ लाख ८५ हजार मध्ये यस अवधिमा ६३ प्रतिशत अर्थात रु.२२ करोड ३५ लाख ७६ हजार खर्च भएको अवस्था छ ।

७१. उपरोक्त बमोजिम सङ्घीय सरकार र प्रदेश सरकारबाट हस्तान्तरण भई आएका कार्यक्रमहरु, समपुरक कोषका आयोजनाहरु, सशर्त योजनाहरु ठेक्का बन्दोवस्ती प्रक्रियाबाट सञ्चालन भई कार्यान्वयनको अन्तिम चरणमा पुगेको र उपभोक्ता समितिबाट सञ्चालित योजनाहरु शून्य पेश्कीको अवधारणा अनुसार रनिङ्ग बिल वा कार्य सम्पन्न पश्चात एकमुष्ठ भूक्तानी हुने हुँदा पूँजीगत खर्चमा विनियोजित अधिकांश योजनाहरु प्राविधिक रुपमा सम्पन्न भई भुक्तानीको चरणमा रहेकोले चालू आर्थिक वर्षको आषाढ मसान्तसम्म पूँजीगत खर्चको लक्षित प्रगति हाँसिल हुने अनुमान गरिएको छ ।

नगरसभाका अध्यक्ष महोदय,

अब म हेटौंडा उपमहानगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

७२. नगर क्षेत्रभित्रका कृषि योग्य बाँझो जग्गाहरुको अधिकतम उपभोग गरी कृषि कार्यमा प्रयोग गर्ने व्यवस्थाको लागि कार्यबिधि तयार गरी समुह मार्फत प्रयोगमा ल्याईनेछ। सामुहिक टनेल खेती, कृषक पाठशाला, अर्गानिक खेती प्रबर्धन कार्यक्रम र रैथाने वाली संरक्षण कार्यक्रमलाई प्रोत्साहन गरिनेछ । उन्नत वीउ प्रसारण किट अनुदान, कृषि औजार उपकरण, कृषिमा यान्त्रिकीकरण र साना सिंचाई सहयोग कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

७३. बैदेशिक रोजगारीबाट फर्किएका युवा तथा कोरोना प्रभावित युवाहरुलाई लक्षित गरी कृषिमा आधारित रोजगारीका कार्यक्रम संचालन गरिनेछ । साथै कृषकहरुलाई कृषि वालीमा क्षतिपूर्ति अनुदान दिने र कृषि फर्ममा अनुदान दिने कार्य संचालन गरिनेछ ।

७४. वडास्तरमा कृषि तथा पशु प्राविधिक जनशक्तिको व्यवस्थापन गरी प्राविधिक सेवा सर्वसुलभ बनाइनेछ ।नगरमा संचालित पशु सेवा केन्द्रहरुको पूर्वाधार विकास र कृषि सेवा केन्द्रको स्थापना गरिनेछ साथै माटो परिक्षण तथा कृषि चुन बितरण कार्यलाई समेत निरन्तरता दिइने छ ।

७५. नमुना कृषि उत्पादन कार्यक्रम मार्फत नमुना वडाको रुपमा कार्यक्रम संचालन गरीनेछ ।साथै नगरका उत्कृष्ट कृषक पुरस्कार कार्यक्रमलाई निरन्तर दिइने छ ।

७६. कृषि मुल्य श्रृंखला विकास कार्यक्रमलाई प्राथमिकता दिई वडा स्तरमा कृषि उपज संकलन एवम् विक्री केन्द्र निर्माण गरिनेछ ।

७७. कृषि तथा पशु सम्बन्धी तथ्यांक अध्यावधिक गरिनेछ । राष्ट्रिय र स्थानीय महत्वका खाद्य तथा  पोषण सुरक्षामा टेवा पुर्याउने साना ब्यवसायी केन्द्र (पकेट) विकास कार्यक्रम संचालन गरिनेछ ।

७८. निर्वाहमुखी खेती प्रणालीलाई व्यवसायिकमुखी खेती प्रणालीमा रुपान्तरण गरी कृषकहरुलाई कृषि सामाग्री एवम् उपकरणहरु र पशु विमाका लागि आवश्यक अनुदानको व्यवस्था गरिनेछ । कृषकहरुलाई अर्गानिक खेतीतर्फ उन्मुख गराई कृषि खेती व्यावसायिक प्रणालीमा यन्त्र उपकरणको प्रयोगलाई निरन्तरता दिइने नीति लिएका छौं ।

७९. पशुपालन तर्फ व्यवसायिक फर्म प्रोत्साहन, साना पशुपालक कृषकहरुलाई गोठ सुधार, भकारो सुधार तथा खोर सुधार कार्यक्रममा एकल महिला, दलित समुदाय, गरिव तथा असहाय समुदायलाई प्रोत्साहन गरिनेछ । बाख्राको साना ब्यवसायी केन्द्र (पकेट) विकास कार्यक्रम संचालन, वीउको राँगा वितरण, वीउको साँढे वितरण, गाई प्रबर्द्धन कार्यक्रम, बंगुर प्रबर्द्धन कार्यक्रमको लागि आवश्यक रकमको व्यवस्था गरिनेछ ।

८०. पशु स्वास्थ्य कार्यकताहरुको क्षमता अभिवृद्धिका साथै पशु सेवा केन्द्रको स्तरोन्नती गरी उपचार सेवा तथा औषधिको व्यवस्थापनलाई सर्वसुलभ बनाइनेछ । निःशुल्क पशु कृत्रिम गर्भाधान कार्यक्रम, दुधको खुवा बनाउने विधुतीय मेसिन वितरण कार्यक्रम, व्यवसायिक फर्म प्रोत्साहन कार्यक्रम, घाँस काट्ने च्याफ कटर वितरण, आकस्मिक तथा संक्रमण रोग नियन्त्रण कार्यक्रम, माछा तथा हाँस उत्पादन कार्यक्रम, मासु पसल स्तरोन्नति कार्यक्रम एवम् युवा लक्षित पशुपालन अनुदान कार्यक्रम संचालन गरिनेछ ।

८१. सहकारी संस्थाहरु, वित्तीय संस्थाहरु र तालिम प्रशिक्षण दिने सरकारी तथा गैरसरकारी निकायहरु समेतको समन्वय र सहकार्यमा उद्यमी पहिचान गरी तालिम दिने र वित्तीय संस्थाहरुबाट सहुलियत पूँजी उपलव्ध गराउन प्रयास गर्ने र लागत सहभागितामा उद्यमीहरुलाई उपकरण, औजार उपलव्ध गराई एक घर एक रोजगार नीति अवलम्वन गरिने छ ।

८२. बैदेशिक रोजगारबाट फर्केका जनशक्तिलाई र नव उद्यमी युवाहरुलाई लागत साझेदारीमा औजार उपकरण सहयोग गरी स्वरोजगार सिर्जना गर्ने नीति लिईने छ । नगरका विपन्न र बेरोजगार युवाहरुलाई लक्षित गरी लघुउद्यम कार्यक्रम मार्फत उद्यमशीलताको विकास गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ । हस्तकला सामग्रीहरुको उत्पादन, वितरण तथा प्रदर्शनी लगायत कार्यहरुलाई प्रोत्साहन गरिनेछ ।

८३. स्थानीय पर्यटनको प्रवर्द्धनमार्फत नगरको आर्थिक समृद्धिमा टेवा पुर्याउन आगामी आर्थिक वर्षमा आधुनिक सुविधायुक्त भ्यू टावर सहितको व्यापारिक कम्लेक्स निर्माण गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

८४. आन्तरिक पर्यटनमा टेवा पुर्याउने तथा नगर क्षेत्रको पर्यटन प्रचार प्रसारका लागि पूर्वाधार निर्माण सम्बन्धी कार्यका लागि निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।

८५. सङ्घीय सरकारसँगको आवश्यक समन्वय र सहकार्यमा चुरियामाई मन्दिरमा रहेको दक्षिण एशियाकै पहिलो मानव निर्मित सुरुङको संरक्षण र सम्वर्द्धन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

८६. नगर क्षेत्रमा रहेको पर्यटकीय स्थलको विकास र प्रचारप्रसार गरी आन्तरिक तथा बाह्य पर्यटन प्रबर्द्धनका लागि हेटौडा-१० स्थित टि.सि.एन.को जग्गामा टोनि हेगन पार्क निर्माण, हेटौडा-१४ स्थित ड्राईभरडाँडा भ्यु टावर निर्माण, हेटौडा-१८ स्थित गुम्बाडाँडा पार्क भौतिक पूर्वाधार सुधार, हेटौडा-९ स्थित कुश्मान्ड सरोबर त्रिबेणीधाम भौतिक पूर्वाधार सुधार, हेटौडा-१४ मा होमस्टे संचालन, हेटौडा-१ राप्ती पार्क निर्माण, हेटौडा-१९ स्थित शहिद पार्क भौतिक पूर्वाधार सुधार, हेटौडा-९ स्थित बेतखोल्सी ताल(पोखरी) पर्यटनस्थल निर्माण गरिनेछ ।

८७. बिन्देश्वर पोखरी, हेटौडा-७, शालक पार्क र जुरेथुम पार्क, हेटौडा-१७, हेटौडा-४ स्थित श्रमिक पार्क र चिल्ड्रेन पार्क, हेटौडा-६ स्थित गणेशमान बि.पी पार्क, हेटौडा-९ स्थित मदन पार्क लगायत नगर क्षेत्रमा रहेका पर्यटकीय स्थलको विकास, पर्यटन पूर्वाधार निर्माण र पर्यटकीय सेवाको विविधिकरण एवम् स्तरोन्नति गरिनेछ ।

८८. पर्यटकीय क्षेत्रको रुपमा विकास हुँदै गईरहेको हेटौडा-१ स्थित मनमोहन भ्यू टावर, माता पाथिभरा मन्दिर हुँदै नकौली-घ्याङ्गसिङ्गटारबाट पुण्यक्षेत्र र मुख्य पर्यटकीय गन्तब्यको रुपमा रहेको सहिद स्मारकसम्म धार्मिक पर्यटकीय मार्गको रुपमा विकास गर्न निजी क्षेत्र समेतको सहभागितामा कार्यक्रम संचालन गरिनेछ ।

८९. गुणस्तरीय सहकारी सेवा प्रवाह गरी शेयर सदस्यहरुलाई रोजगारी र उद्यमी बनाउन रचनात्मक भूमिका खेल्ने सहकारीहरुलाई पुरस्कृत गर्दै लगिनेछ, नयाँ क्षेत्र (विषय) मा सहकारी खोल्न र सहकारी एकीकरण गर्ने कार्यलाई प्रोत्साहन गर्न सहकारी सम्बन्धी कानूनहरुलाई समय सापेक्ष परिमार्जन गर्दै लगिनेछ।

९०. सहकारी संस्थाहरुसंगको सहकार्यमा रोजगारमूलक तालिम संचालन गरी रोजगार र आयबृद्धि गर्ने नीति लिइनेछ । व्यावसायिक उत्पादन र बिक्री गर्ने सहकारीहरुलाई यन्त्र तथा उपकरण खरीदमा १० प्रतिशत अनुदान दिने नीति लिईनेछ।साथै सहकारी संस्थाहरुको अनुगमन तथा नियमनलाई प्रभावकारी बनाउदै लगिने छ ।

९१. दिगो विकासको लक्ष्यलाई आधार बनाई वर्तमान परिस्थितिले सिर्जना गरेको असहज परिस्थितिहरुको सामना गर्दै चुनौतीलाई अवसरमा रुपान्तरण गर्न बैदेशिक रोजगारबाट फर्किएका युवाहरुलाई लक्षित गरी बिशेष गरी

आयमुलक र सृजनशील क्रियाकलापमा आबद्ध गराई कृषिमा संलग्नता श्रम गर्न चाहनेहरुलाई सुचीकरण गरी साना साना समूह निर्माण गरी बिभिन्न विकास निर्माण कार्यहरुमा परिचालन गर्ने रणनीति अवलम्बन गरिनेछ ।

१२. नगरपालिका क्षेत्रभित्रको सम्भाव्य रोजगारीको स्थिती विश्लेषण गरी रोजगारीको तथ्याङ्क संकलन गर्ने, रोजगारी नक्शाङ्कन (**Employment Mapping**) गर्ने तथा रोजगारीका अवसरहरुको अभिलेखांकन गर्ने, वेरोजगार व्यक्तिहरुको ज्ञान, सीप तथा क्षमता र बजारको मागका आधारमा आवश्यक पर्ने सीप विकास तालिमको पहिचान गरी सम्बन्धित तालिम केन्द्रमा सिफारिस गर्ने, रोजगारयोग्य क्षमता विकासका लागि १० दिनसम्मको जीवन उपयोगी सीप विकास र ४० दिनसम्मको कार्यस्थलमा आधारित सीप विकास तालिम (**On The Job Training** ) संचालन गरिनेछ ।

१३. रोजगारीको खोजीमा रहेका व्यक्ति, सार्वजनिक र निजी दुवै क्षेत्रका रोजगारदाता, रोजगार सेवा प्रदायक तथा सीप विकास तालिम प्रदायक संस्था तथा स्वरोजगार सहायताको विवरण समावेश हुने गरी बृहत प्रकृतिको रोजगार पोर्टलको (**Online Software**) विकास गरिनेछ ।

१४. सूचीकृत बेरोजगार व्यक्तिहरुलाई लाभग्राही परिचय पत्र वितरण गर्ने साथै विभिन्न रोजगार आयोजनाहरुबाट माग भए बमोजिम सुचिकृत बेरोजगार व्यक्तिहरुलाई रोगजारीका लागि खटाउने कार्य सहित आगामी आर्थिक बर्ष १०० जना लाई १०० दिनको रोजगारीको ग्यारेन्टी गरिने छ ।

१५. कृषि क्षेत्रको उद्यमहरुको प्रबर्द्धनको लागि कृषि तथा पशु सेवासंग सम्बन्धित उद्योगहरुको व्यवसाय दर्ता तथा नवीकरण शुल्कमा ५० प्रतिशत छुटको नीतिलाई आगामी बर्ष समेत निरन्तरता गरिने छ ।

१६. कोभिड १९ को कारण कार्यालयका नियमित कामहरु नियमित रुपमा संचालन नभएको कारण आगामी बर्ष करको दररेटमा वृद्धि नगरी दायरा बढाउने नीति सहित चालु आर्थिक बर्षको बुझाउनु पर्ने सम्पत्ति कर, ब्यबसाय कर तथा बहाल कर रकम आगामी बर्ष बुझाउन आउदा लाग्ने जरिवाना मिनाहा सहित ब्यबसायी प्रोत्साहन कार्यक्रम संचालन गर्ने नीति लिईनेछ ।

१७. घरबहाल करलाई दायरामा ल्याउनको लागि सम्पत्ति कर बुझाउने क्रममा उल्लेख भएको संरचनामा स्व-घोषणा विधिबाट कर संकलन गर्न थालनी गर्ने नीति लिईनेछ ।

नगर सभाका अध्यक्ष महोदय,

१८. सामुदायिक विद्यालयका छात्राहरुका लागि निशुल्क स्यानिटरी प्याड वितरण कार्यलाई आगामी बर्षमा समेत निरन्तरता दिईनेछ। व्यक्तिगत स्वास्थ्य र सरसफाईका विविध पक्ष बारे किशोरीहरुलाई सुसुचित गर्न स्यानिटरी प्याडको प्रयोग र व्यवस्थापनका लागि आवश्यक तालिमको व्यवस्था गरिनेछ ।

१९. विद्यालय जाने उमेर समूहका सबै बालबालिकाहरुलाई विद्यालय भर्ना अभियान कार्यक्रममा सघाउ पुर्याउन सामुदायिक विद्यालयहरुलाई परिचालन गरिनेछ । विद्यार्थीहरुले गुणस्तरीय शिक्षा प्राप्त गर्ने सुनिश्चितताका लागी नगरको दूर्गम क्षेत्रका शिक्षकहरुलाई थप प्रोत्साहन सुविधा, वालविकास सहयोगी कार्यकर्तालाई प्रोत्साहन सुविधा, दिवा खाजा कार्यक्रम, एचआइभि संक्रमित एवम प्रभावित बालबालिकाहरुको शैक्षिक निरन्तरताका लागि सहयोग उपलब्ध गराइनेछ ।

१००. सामुदायिक विद्यालयका शिक्षकहरुका लागि नियमित तालिम प्रदान गर्नुका साथै शैक्षिक सामाग्रीको उत्पादन र वितरणमा जोड दिइनेछ । बालबालिकालाई बिद्यालय ल्याऔ, टिकाऔ, सिकाऔ र बिकाऔ कार्यक्रमलाई सफलीभूत पार्न अनाथ र टुहुराको शैक्षिक अभिभावकत्व उपमहानगरपालिकाले लिनेछ ।

१०१. सामुदायिक विद्यालयको शैक्षिकस्तर उन्नतिका लागि दण्ड र पुरस्कारको नीतिलाई कडाईका साथ लागू गरिनेछ ।

१०२. अतिरिक्त क्रियाकलाप संचालन, गणित र बिज्ञान शैक्षिक प्रदर्शनी, स्थानीय पाठ्यक्रम निर्माण, बिकट क्षेत्रमा संचालित विद्यालयका छात्रछात्राहरुका लागि पोशाक र सामाग्री वितरण, छात्राहरुका लागि सेल्फ डिफेन्स तालिम, थामी र चेपाङ्ग बालबालिका शैक्षिक सामाग्री सहयोग कार्यक्रमहरु संचालन गरिनेछ ।

१०३. नमुना बिद्यालय भौतिक पूर्वाधार निर्माण, हेटौडा-१९ मा निर्माणाधीन अधुरो छात्राबास निर्माण र विद्यालयमा स्वच्छ खानेपानी सुविधाका लागि युरोगार्ड जडान कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१०४. कोभिड १९ का कारण बिद्यालय शिक्षामा परेको प्रभावलाई मध्यनजर गरी बालबालिकाको सिकाईलाई निरन्तरता दिन बैकल्पिक शिक्षण सिकाईको माध्यमबाट अध्ययन अध्यापनका लागि नेपाल सरकारबाट जारी कार्यविधि बमोजिमको कार्यक्रम संचालन गरिनेछ । कोभीड १९ का कारण बालबालिकामा उत्पन्न भयलाई न्यूनीकरण गर्न मनोपरामर्श सम्बन्धि कार्यक्रममा जोड दिईनेछ ।

१०५. कक्षा ८ को नगर स्तरीय परीक्षा संचालन तथा नतिजा प्रकाशन र शिक्षक तथा कर्मचारीहरुको मासिक रुपमा तलब निकासाको व्यबस्थाको लागि सफ्टवेयरको विकास गरी लागू गरिनेछ ।

१०६. अति बिपन्न तथा गरीब बालबालिकाहरुका लागि न्यून शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गर्दै आइरहेको समता स्कुललाई प्रोत्साहन, धार्मिक तथा संस्कृत शिक्षाको संरक्षण तथा मदरसाहरुको भौतिक पूर्वाधार सुधार गर्दै लगिनेछ ।

१०७. सुत्केरी पश्चातको पहिलो हप्तामा स्वास्थ्यकर्मी सहित सुत्केरी महिला तथा नवजात शिशुको स्वास्थ्य अवस्था परीक्षण गर्न पोषण कोशेली सहित भेटघाट गर्ने कार्यक्रमको प्रभावकारिता बढी पाइएकोले यस कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१०८. चालु आ.व. बाट शुरु गरिएको सिमान्तकृत, लोपोन्मुख समुदाय र आर्थिक रुपमा अति विपन्न परिवारको स्वास्थ्य बिमा गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१०९. गर्भवती महिलाहरुको स्वास्थ्य जाँच तथा आमा र बच्चाको स्वास्थ्य अवस्था पहिचान गर्न नगर क्षेत्रका सम्पूर्ण गर्भवती महिलाहरुलाई निःशुल्क भिडियो एक्सरे सेवा प्रदान गर्न आवश्यक व्यवस्था मिलाइने छ ।

११०. यस उपमहानगरपालिकाको समेत समन्वय र सहयोगमा हेटौंडा अस्पतालमा शुरु गर्न लागिएको किड्नी डायलासिस सेवा आगामी आ.व. बाट शुरु गर्न थप समन्वय र सहयोग गरिनेछ ।

१११. दीर्घ तथा नसर्ने रोगबाट घरमै ओछ्यानमा थलिएर रहेका बिरामी व्यक्तिहरुलाई लक्षित गरी वडा वडामा रहेका स्वास्थ्य संस्थाहरुमा कार्यरत

स्वास्थ्यकर्मीहरुको परिचालनबाट उपचार र सहयोग (**Care and Support**) को कार्यक्रम अघि बढाइनेछ ।

११२. महिलामा बढ्दो क्रममा रहेको स्तन तथा पाठेघर क्यान्सर जस्ता घातक रोगहरुको निःशुल्क परीक्षण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

११३. नेपाल सरकारको स्वास्थ्य विमा कार्यक्रम मार्फत विमित व्यक्तिका लागि उपमहानगरपालिकाकै मातहतमा रहेको स्वास्थ्य संस्थाबाट औषधी बिक्री वितरणका लागि फार्मेशी सेवा सञ्चालनमा ल्याइनेछ ।

११४. यस उपमहानगरपालिकाका वडा नं. १, १२, १४, १६, १८ र १९ मा निर्माणाधीन स्वास्थ्य संस्थाको भवन निर्माण कार्य सम्पन्न गरी नगरका सबै स्वास्थ्य संस्थाका भवनका लागि एकै प्रकारको कलर कोड तोकी रंगरोगन गरिनेछ ।

११५. स्वास्थ्य संस्थाहरुको सेवालाई प्रभावकारी बनाउन र आधारभुत स्वास्थ्य सेवाको पहुँच अभिबृद्धि गर्न ई-रिपोर्टिंग सिस्टमको विकास गरिनेछ । उपमहानगरपालिकाका हाल संचालनमा रहेका स्वास्थ्य संस्थामा ल्याव सेवा लगायत अन्य सेवाको विस्तारमा जोड दिइनेछ ।

११६. आयुर्वेद स्वास्थ्य सेवा अन्तर्गत उपमहानगरपालिकाको १५ नं. र १७ नं. वडामा रहेका स्वास्थ्य संस्थाबाट सेवा प्रबाह हुँदै आएकोमा आयुर्वेद स्वास्थ्यलाई प्रभावकारी बनाउन शहरी स्वास्थ्य प्रवर्धन केन्द्र, हेटौंडा-१७ मा एकीकृत गरी आयुर्वेद सेवा अन्तर्गतका शिरोधारा, स्वेदन तथा योगा कक्षा सञ्चालन सहितको उपचार सेवा व्यवस्थित गरिनेछ । साथै सोही केन्द्रको परिसरमा जटिबुटी उद्यान (**Harbal Garden**) समेत निर्माण गरिनेछ ।

११७. आकस्मिक तथा विपदका अवस्था र जोखिमपूर्ण स्वास्थ्य समस्यामा परेका व्यक्तिहरुलाई तत्काल स्वास्थ्य सेवाको पहुँचमा ल्याउनका लागि आधारभूत स्वास्थ्य सेवा एम्बुलेन्स सञ्चालनमा ल्याइनेछ ।

११८. सामुदायिक आँखा अस्पतालसंगको सहकार्यमा प्रभावकारी रुपले संचालन भै रहेको बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुका लागि आँखा जाँच कार्यक्रम र आँखाको नानी संकलन तथा रतन्धो रोग निवारण कार्यक्रमलाई निरन्तरता दिईएको छ ।

११९. आधारभूत तथा आकस्मिक सेवाको सुनिश्चितताको लागि नगरका सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा नेपाल सरकारद्वारा निःशुल्क वितरण गर्ने भनि तोकेको औषधिहरु सहज र सरल रुपमा उपलब्ध गराइनेछ ।

१२०. कोभिड १९, सर्ने तथा नसर्ने रोगहरु लगायत अन्य बिभिन्न महामारी जन्य रोगहरुको रोकथाम, नियन्त्रण तथा निगरानीको लागि स्वास्थकर्मीहरुको पर्याप्त परिचालन गरिनेछ साथै कोभिड १९ को रोकथाम, नियन्त्रण र उपचारमा अग्रस्थानमा रही सेवारत स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीहरुको मनोबल उच्च राख्न प्रोत्साहन सुबिधाको ब्यबस्था गरिनेछ ।

१२१. यस उपमहानगरपालिकाभित्र स्थायी बसोबास गरि बस्ने नगरबासीहरुमा कोभिड १९ को संक्रमण भई मृत्युवरण गरेमा नीजको परिवारलाई कोरोना रोकथाम नियन्त्रण र उपचार कोषबाट राहत स्वरूप रु.३ लाख रुपैया आर्थिक सहायता उपलब्ध गराइनेछ ।

१२२. राष्ट्रिय महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम अन्तर्गत यस उपमहानगरपालिकामा सेवारत महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागि प्रोत्साहन स्वरूप पोशाक सुबिधा, संचार सुबिधा, यातायात खर्च लगायत आधारभूत तथा आकस्मिक सेवा अन्तर्गत आँखा, नाक, कान, घाँटी तथा

मुख सम्बन्धी प्राथमिक उपचारबारे अभिमुखीकरण तालिम र अन्य क्षमता विकास सम्बन्धी कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१२३. खानेपानी सरसफाई स्वच्छता सम्बन्धी जनचेतना तथा फोहोर ब्यबस्थापन, बर्गिकरण र न्यूनीकरण सम्बन्धी समुदाय स्तरमा सचेतना कार्यक्रम संचालन गरिनेछ ।

१२४. नगर क्षेत्र भित्र रहेका धार्मिक, ऐतिहासिक तथा पुरातात्विक महत्वका सम्पदा तथा धरोहरहरुको संरक्षणमा विशेष ध्यान दिइनेछ । विभिन्न सांस्कृतिक समुहका बाजा, भेषभुषा र संस्कृतिको संरक्षण र प्रबर्द्धनमा जोड दिइनेछ । होमस्टेको विकास र प्रबर्द्धनमा थप कार्यक्रम संचालन गरिनेछ ।

१२५. बौद्ध तथा जनजाती समूहहरुको उत्थानको लागि नगरका उपर्युक्त स्थानमा संग्रहालय स्थापनाका लागि पहल गरिनेछ ।

१२६. युवाहरुलाई खेलक्षेत्रतर्फ आकर्षित गर्दै विकृति विसंगती मुक्त समाज निर्माण गर्न, खेलकुद क्षेत्रको समुचित विकास गर्न खेल मैदान तथा उद्धानहरुको पूर्वाधार विकासमा जोड दिइनेछ । लागू पदार्थ विरुद्धको अभियान लगायत युवाहरुलाई सकारात्मक परिचालनका लागि युवा क्लवहरुको गठन, क्षमता विकासमा विशेष जोड दिइनेछ ।

१२७. राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता, मेयर कप फुटबल प्रतियोगिता, स्थानीय तह शहिद स्मृति राष्ट्रिय फुटबल प्रतियोगिताको निरन्तरता सहित खेलकुद प्रतियोगिता आयोजना सहकार्य र खेलाडी सम्मान एवं पुरस्कार वितरण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१२८. हेटौडा-८ को चन्द्रोदय मा.वि.को चौरमा प्रदेश सरकारसँगको सहकार्यमा आगामी आर्थिक वर्षभित्रै प्यारोफिटसहितको खेलकुद प्रशिक्षण केन्द्रको निर्माण कार्य सम्पन्न गरिनेछ । साथै हेटौडा-४ स्थित कभर्ड हलको सम्पूर्ण निर्माण कार्य आगामी बर्ष सम्पन्न गरी संचालनमा ल्याइनेछ ।

१२९. सबैका लागि खाना, नाना र छाना भन्ने मानव सेवा आश्रमको चाहना र सहयोगापेक्षी (वेसहारा, अशक्त, असहाय, अनाथ, अभिभावकविहिन) सडक आश्रित मानवमुक्त राष्ट्र नेपाल निर्माण एवम् घोषणाको प्रतिवद्धता सहित सेवारत मानव सेवा आश्रम संचालन खर्चका लागि विगतमा दिइदै आएको अनुदान रकममा बृद्धि सहित निरन्तरता दिईनेछ। साथै सडक बालबालिका मुक्त नगरको अभियानलाई सार्थक बनाउन मामाघर नेपालको सेवा संचालन प्रभावकारी बनाउन आवश्यक सहयोग गरिनेछ ।

१३०. अल्पसंख्यक तथा सिमान्तकृत समुदायको संरक्षण सशक्तिकरण र विकासका लागि विशेष कार्यक्रमहरु संचालन गरिनेछ । लैगिक समानता तथा सामाजिक समावेशिकरणमा टेवा पुग्ने किसिमका कार्यक्रमहरु संचालन गर्दा लक्षित वर्गलाई विशेष प्राथमिकता दिइनेछ ।

१३१. महिला सशक्तिकरण, समावेशीकरण र मूलप्रवाहीकरणका लागि उपमहानगरपालिकाभित्र रहेका विभिन्न संघ संस्थाहरुको सामाजिक परिचालनका माध्यमबाट थप प्रभावकारी बनाउँदै महिलाहरुको सामाजिक र आर्थिक सशक्तिकरण एवं लैंगिक समानता अभिवृद्धि गर्नको लागि वडा र नगरस्तरमा जागरण समूहहरु गठन गरिनेछ ।

१३२. बालमैत्री स्थानीय शासन अवधारणा अवलम्बन, कार्यान्वयन तथा घोषणा गर्नको लागि बालबालिकाको हकहित संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गर्ने नीति अवलम्वन गरिनेछ ।

१३३. उपमहानगरपालिकाभित्र निर्माण हुने सार्वजनिक भौतिक संरचनालाई महिलामैत्री, बालमैत्री, अपांगमैत्री एवं ज्येष्ठ नागरिकमैत्री बनाउन पहल गरिनेछ ।

१३४. ज्येष्ठ नागरिकहरुमा भएको ज्ञान, सीप, अनुभव आदानप्रदानका लागि कार्यक्रम सञ्चालन गरिनेछ । बालगृह, वृद्धाश्रम लगायत अन्यत्र संस्थामा रहेका परिवारमा पुनर्स्थापना गर्नसक्ने व्यक्तिहरुलाई क्रमशः पुनर्स्थापना गर्दै यस्ता संस्थाहरुको संख्या घटाउँदै जाने नीति अवलम्बन गरिनेछ ।

१३५. नगरक्षेत्रभित्रका अभिभावकविहीन बालबालिकाहरुको अवस्थालाई मध्यनजर गर्दै उनीहरुको लागि वैकल्पिक व्यवस्था मिलाउन पहल गरिनेछ ।

१३६. कार्यक्रम सञ्चालन गर्दा एकल महिला, यौनिक तथा लैंगिक अल्पसंख्यकहरुलाई विशेष प्राथमिकता दिइनेछ ।अपांगता भएका व्यक्तिहरुको लागि सहायक सामाग्री वितरण, तथ्याङ्क अध्यावधिक सीप विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति एवं बालबालिकाहरुसँग सम्बन्धित कार्यक्रमहरुलाई थप प्रभावकारी बनाउनको लागि वडा र नगरस्तरमा मञ्च, समन्वय समिति एवं समूहहरु गठन गरी परिचालन गरिनेछ ।

१३७. विपद् तथा जोखिममा परेका महिला, बालबालिका, अपांगता भएका व्यक्ति र ज्येष्ठ नागरिकहरुको संरक्षणका लागि नगरस्तरीय संरक्षण क्षेत्र गठन गरी परिचालन गरिनेछ ।

१३८. हेटौंडा-११ मा निर्माणाधीन हिंसा पिडित महिलाहरुका लागि अल्पकालीन आश्रयस्थल भवन (सेफ हाउस) निर्माण कार्य सम्पन्न गरी सोही भवनमा सेवा सञ्चालन गरिनेछ ।

१३९. एच.आई.भी. सङ्क्रमित, बेचबिखन प्रभावित, हिँसापिडित लैङ्गिक अल्पसंख्यकहरुको सामाजिक पुनर्एकीकरणका लागि जीविकोपार्जन सुधारमा आवश्यक सहयोग गरिनेछ।

१४०. बैदेशिक रोजगारसंग सम्बद्ध कामदार तथा तिनका परिवारलाई उचित संरक्षण गरी बैदेशिक रोजगारसंग सम्बन्धित निकायहरुको क्षमता अभिवृद्धि मार्फत बैदेशिक रोजगारको प्रतिफल वृद्धि गर्ने र बैदेशिक रोजगारलाई सुरक्षित उद्देश्यबाट यस उपमहानगरपालिकामा समेत संचालित सुरक्षित आप्रवासन परियोजनालाई वर्तमान सन्दर्भ एवम् समय सापेक्ष हुने गरी प्रभावकारी रुपमा संचालन गरिनेछ ।

१४१. उपमहानगरपालिकाभित्रको छुवाछुत सम्बन्धी विभेदलाई अन्त्य गर्ने अभियान सञ्चालन गरिनेछ ।

१४२. न्यायिक समितिबाट सम्पादन हुने कार्यको प्रभावकारिता अभिवृद्धिका लागि मेलमिलापकर्ताहरुको क्षमता अभिवृद्धि, समुदायमा आधारित संस्थाहरुलाई अनुशिक्षण, प्रचारप्रसार र संस्थागत सुदृढिकरणमा जोड दिईनेछ ।

१४३. सरोकारवालाहरुको समेत सहभागितामा बजार ब्यबस्थापन र अनुगमनलाई थप प्रभावकारी र नियमित बनाइनेछ । खाद्य बस्तुको गुणस्तर परिक्षण गर्न संचालित खाद्य प्रयोगशालाको थप प्रभावकारी संचालनमा जोड दिईनेछ ।

१४४. स्थानीय विकासमा संचार क्षेत्रको रहने महत्वपूर्ण भूमिकालाई मूल्यांकन गर्दै यस उपमहानगरपालिका क्षेत्रभित्र क्रियाशील संचारकर्मी पत्रकारहरुको

उपचार कोष, क्षमता अभिवृद्धि, दुर्घटना वीमा लगायतका विभिन्न कार्यक्रमहरु नेपाल पत्रकार महासंघ जिल्ला शाखासंग समन्वय गरी संचालन गरिनेछ ।

१४५. प्रजातन्त्र, स्वतन्त्रता र मानव अधिकार प्राप्तिका निमित्त आफ्नो जीवनका अमूल्य समय खर्चनु हुने मकवानपुर जिल्लाका वामपन्थी अग्रजहरु आदरणीय स्वर्गीय भक्त बहादुर श्रेष्ठ, स्वर्गीय मोहन बज्राचार्य, कृषि आन्दोलनका अगुवा स्वर्गीय भूवनसिंह राई र प्रजातान्त्रिक आन्दोलनका अगुवा आदरणीय स्वर्गीय ईन्द्र बहादुर श्रेष्ठको सम्मानमा वहाँहरुको योगदानको उच्च मूल्यांकन गर्दै आगामी दिनमा विविध कार्यक्रमहरु संचालन गर्ने नीति लिईनेछ ।

१४६. हेटौंडा नगरको स्थापना पुर्वदेखि नै यस जिल्लामा मेकानिकल व्यवसाय शुरुवात गरी सयौ दक्ष सीपयुक्त प्राविधिक जनशक्ति उद्पादन गरी स्वरोजगार सृजना गर्नमा उल्लेखनीय भूमिका निर्वाह गर्ने आदर्श व्यक्ति स्वर्गीय फत्तेनारायण डंगोल (माइला मिस्त्री) को योगदानलाई सम्मान गर्दै उहाँको सम्मानमा मेकानिकल दक्ष जनशक्ति उद्पादनलाई निरन्तरता दिन स्थानीय स्तरमा प्राविधिक धार (मेकानिकल इन्जिनियरिङ्ग) संचालन गरेका बिद्यालयमार्फत यस उपमहानगरपालिका, सम्बन्धित बिद्यालय र स्वर्गीय फत्तेनारायण डंगोलको परिवारको त्रिपक्षीय सहभागितामा मेकानिकल विषयको अध्ययन तथा प्रशिक्षणलाई दिगो र प्रभावकारी बनाउन आबश्यक संयन्त्र निर्माण गरि कार्य अघि बढाइनेछ ।

नगर सभाका अध्यक्ष महोदय,

१४७. एकीकृत ढंगबाट सन्तुलित र दिगो विकासका लागि आवधिक योजना तर्जुमा गरी योजनावद्ध रुपमा नगरको विकास गर्नका लागि आगामी आर्थिक बर्षमा नगरको वस्तुस्थिति विश्लेषण सहितको आवधिक योजना तर्जुमा गर्नुका

साथै नगर यातायात गुरुयोजना, भूउपयोग योजना लगायतका अबधिक क्षेत्रगत योजनाहरु तर्जुमा गरिनेछ ।

१४८. नगरका विभिन्न वर्ग, समुदाय र जातजातिहरुको उत्थान, विकास र सेवा सुविधाहरुमा पहुंच अभिबृद्धि गर्नुका साथै प्रत्येक वडाहरुमा वडा कार्यालय भवन निर्माण गर्दा वडा कार्यालयको सेवा प्रवाह सहित बहुउद्धेश्यीय रुपमा प्रयोग हुने भवन निर्माण गर्दै जाने नीति लिईनेछ ।

१४९. हेटौडा खानेपानी ब्यबस्थापन वोर्डसंग सहलगानी कार्यक्रम अन्तर्गत उपमहानगरपालिकाभित्र खानेपानी वितरण प्रणालीलाई सुदृढ गरी नगरवासीहरुलाई स्वच्छ खानेपानी उपलब्ध गराउने नीति लिइनेछ ।

१५०. नगर क्षेत्रको यातायात व्यवस्थापनलाई सुरक्षित, भरपर्दो एवम् प्रभावकारी बनाउन व्यवस्थित बस टर्मिनल भवन निर्माण कार्यको थालनी गरिनेछ ।

१५१. उपमहानगरपालिकाबाट सञ्चालन गरिने विकास निर्माण समबन्धी योजनाहरुमा प्रयोग हुने निर्माण सामाग्रीहरुको गुणस्तर सुनिश्चित गर्न आधुनिक प्रविधिमैत्री ल्याब टेष्ट स्थापना गरी सञ्चालनमा ल्याइनेछ ।

१५२. भरपर्दो र सुरक्षित यातायात सञ्चालन गर्न हेटौडा-१० मा रहेको बसपार्कलाई थप व्यवस्थित गरी हेटौडा बजारबाट नगरको पूर्वी क्षेत्र जाने सवारीसाधनका निम्ति उपयुक्त स्थानमा बसपार्क निर्माणका लागि सम्भाव्यता अध्ययनको कार्य प्रारम्भ गरिनेछ ।

१५३. यसै आर्थिक वर्षबाट निर्माण प्रारम्भ भएको कर्रा करीडोर निर्माण आयोजनालाई चरणबद्ध रुपमा निर्माण कार्य अगाडी बढाईनेछ ।

१५४. नगरवासीको आर्थिक तथा सामाजिक रुपान्तरणको आधारको रुपमा रहेको हर्नामाडी, हटिया, चुरियामाई हुँदै पदमपोखरी जोड्ने ६३ कि.मि.

लामो चक्रपथको स्तरीकरण गरी बाह्रै महिना सञ्चालनयोग्य बनाउन सङ्घीय तथा प्रदेश सरकारसँग आवश्यक समन्वय गरी निर्माण कार्यलाई निरन्तरता दिईनेछ ।

१५५. उपमहानगपालिका भित्रका सरकारी सार्वजनिक तथा पर्ती जग्गाको अतिक्रमण रोकी संरक्षण गर्ने कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ । यस्ता सार्वजनिक जग्गाहरुलाई बालमैत्री उद्यान, योगापार्क तथा जेष्ठ नागरीक मैत्री पार्कहरु र खुल्ला क्षेत्रहरुको रुपमा विकास गरिनेछ ।

१५६. उपमहानगरपालिकाभित्र सार्बजनिक यातायातलाई सुरक्षित र भरपर्दो बनाउन सडक सुरक्षासंग सम्बन्धित ५ रणनैतिक स्तम्भहरु (सडक सुरक्षा ब्यबस्थापन, सुरक्षित सडक तथा गतिशिलता, सुरक्षित सवारी वाहन, सुरक्षित सडक प्रयोगकर्ता र दुर्घटना पश्चातको प्रतिक्रिया र कारबाही) मा आधारित मापदण्ड तयार गरी जिल्ला ट्राफिक प्रहरी कार्यालयसंग समन्वय तथा सहकार्य गरिनेछ ।

१५७. आधुनिक सभ्यताको मानक नै सुविधायुक्त र व्यवस्थित सहर भएको तथा विकासको यथार्थ स्वरुप सहरी पूर्वाधारबाटै प्रतिविम्बित हुने यथार्थतालाई बोध गर्दै हेटौडा-१६ स्थित चिसापानी क्षेत्रमा एकीकृत जग्गा विकाससम्बन्धी कार्यक्रम आगामी आर्थिक वर्षभित्रै प्रारम्भ गर्ने गरी सङ्घीय तथा प्रदेश सरकारसँग समन्वय गरिनेछ। साथै अन्य वडाहरुमा संभाव्यता अध्ययन गरी कार्य प्रारम्भ गरिनेछ ।

१५८. नगरका जोखिमपूर्ण स्थानमा रहेका मानव बस्तिहरुलाई संघीय र बागमती प्रदेश सरकारको समन्वय र सहयोगमा नगरको उपयुक्त स्थानमा वस्ती स्थानान्तरण गर्न आबश्यक पहल गरिनेछ ।

१५९. साविकमा नगर विकास समितिबाट थालनी गरिएका जग्गा विकास सम्बन्धी परियोजनाहरुको अधुरा पूर्वाधार निर्माणका कामहरुलाई क्रमशः कार्यान्वयन गरिनेछ ।

१६०. साविकमा विभिन्न वडाहरुमा सुरु गरिएका भूमिगत सिंचाई सम्बन्धी आयोजनाहरुको बाँकी पूर्वाधार निर्माण कार्यलाई प्राथमिकता दिइनेछ ।

१६१. नगरभित्रका सार्वजनिक हुन बाँकी रहेका सडकहरुमा परेका जग्गाहरुलाई सार्वजनिक गर्ने कार्यलाई आगामी आर्थिक वर्षमा समेत निरन्तरता दिइने छ ।

१६२. संघीय सरकार, प्रदेश सरकार र अन्य बिभिन्न संघसंस्थाहरुसंग लागत साझेदारीमा संचालन हुने पूर्वाधार विकास कार्यक्रमका लागि आगामी बर्ष पनि समपुरक कोषको ब्यबस्था गरिनेछ ।

१६३. संघीय तथा प्रदेश सरकारबाट वित्तीय हस्तान्तरण एवं अन्तर सरकारी अख्तियारी मार्फत प्राप्त हुने अनुदान मार्फत संचालन हुने भौतिक पूर्वाधार आयोजनाहरुलाई तोकिएको समयमा गुणस्तरीय रुपमा सम्पन्न गर्ने नीति लिईएको छ ।

१६४. पानीको मुहान सुक्दै जाने तथा **Water level** घट्दै जाने समस्याले पर्यावरणीय क्षेत्रमा पार्नसक्ने दिगो संकटलाई मध्यनजर गरी **water recharge** का लागि अन्य सरोकारवाला निकायहरुसंग समेत समन्वय गरी चुरे क्षेत्रमा **Water recharge pond** हरु निर्माणमा जोड दिइनेछ ।

१६५. नगर क्षेत्रभित्रका खहरे तथा नदी कटान नियन्त्रणका लागि राष्ट्रपति चुरे संरक्षण कार्यक्रम लगायत अन्य निकायसंग समेत समन्वय गरी आवश्यक संरक्षण सम्बन्धी कार्यलाई प्राथमिकता दिइनेछ ।

नगर सभाका अध्यक्ष महोदय,

१६६. दाहसंस्कारलाई व्यवस्थित र वातावरणमैत्री बनाउन चालु आ.ब. मा खरीद प्रक्रिया सम्पन्न भैसकेको **Cremation Machine** जडान गरी सञ्चालनमा ल्याइनेछ ।

१६७. स्वच्छ वातावरण, स्वस्थ जीवन लाई साकार पार्न वायु प्रदुषण नियन्त्रण, फोहोरमैला व्यवस्थापन, फोहोरपानी व्यवस्थापन, खुल्ला स्थान र हरियाली व्यवस्थापन र उर्जा तथा जलवायु परिवर्तन सम्बन्धी एकिकृत कार्यक्रम संचालन गर्ने निति लिइनेछ ।

१६८. सफा, हरियाली, फूलैफूलको सहर भन्ने नारालाई सार्थक बनाउन शहरी क्षेत्र हरियाली प्रवर्धन कार्यलाई थप प्रभावकारी बनाइनेछ । सडक स्तरोन्नति (पिच, कंक्रिट ढलान) को योजनामा सडकका दायाबायां किनारामा बृक्षारोपण गर्ने कार्यलाई योजनाको लागत अनुमानमा नै समाबेश गरी सम्बन्धित उपभोक्तालाई संरक्षणमा जिम्मेवार बनाइनेछ । नगरका मुख्य बजार क्षेत्रहरुमा गमला सहितको फुलको बिरुवा रोप्ने अभियान, क्यारी निर्माण गर्ने अभियानलाई निरन्तरता सहित एक घर दुई फलफुलको विरुवा अभियानलाई वडा तहमा संचालन गर्न आवश्यक विरुवा उपलब्ध गराइनेछ । साथै भवन निर्माण इजाजतमा निर्माण सम्पन्न प्रमाणपत्र जारी गर्दा कम्तिमा २ वटा बहुबर्षीय विरुवा हुर्काएको हुनुपर्ने व्यवस्था अनिवार्य गरिनेछ ।

१६९. दिगो विकास लक्ष्यको जलवायु परिवर्तन तथा यसका प्रभावहरु विरुद्ध लड्न विभिन्न जनचेतना कार्यक्रम गरिनेछ । त्यस्तै विपद व्यवस्थापनका लागि सामुदायिक खोज तथा उद्धार **(CSAR)** तथा प्राथमिक उपचार , प्रारम्भिक द्रुत लेखाजोखा **(IRA), IRA Training mobile app** तथा कृत्रिम घटना अभ्यासमा क्षमता अभिवृद्धि, **warehouse** गठन, प्रमुख प्रकोपहरुको निरन्तर अनुगमन प्रणाली **(Real Time Observation System)** स्थापना गरिनेछ ।

१७०. आकाशे पानी संकलन, शुद्धिकरण तथा भण्डारण **Rain Water Harvesting System** लाई प्रबर्द्धन गरिनेछ। नयाँ बन्ने घरहरुमा पानी संरक्षणका लागि कुनै एक प्रविधि अनिवार्य अवलम्वन गर्नुपर्नेछ ।

१७१. विभिन्न नदी, खहरे , भूमिगत जल तथा अन्य प्राकृतिक स्रोतको अध्ययन तथा व्यवस्थापन गरिनेछ ।

१७२. विश्व वातावरण दिवसको नारालाई आत्मसाथ गर्दै वन्यजन्तुका लागि वन्यजन्तु संरक्षण पोखरी निर्माण गरिनेछ । साथै वातावरण संरक्षण कार्यमा उत्कृष्ट कार्य गर्ने व्यक्ति एवं टो.वि.स. हरुलाई पुरस्कारको व्यवस्था गरिनेछ।

१७३. हेटौडा-१० रासि तटमा रहेको अन्तिम फोहर विसर्जन केन्द्रको उचित व्यवस्थापन गरिनेछ । अन्तिम फोहोर विसर्जन केन्द्रलाई पार्कको रुपमा विकसित गरिनेछ । फोहोरको अन्तिम विसर्जनका लागि क्षेत्रिय स्यानेटरी ल्याण्डफिल साइट स्थापना गर्न नजिकको पालिकाहरुसँग सहकार्य गरिनेछ ।

१७४. जैविक फोहोर व्यवस्थापन गरी वैकल्पिक उर्जा प्रवर्द्धन कार्यक्रम मार्फत निजी क्षेत्रको सहकार्यमा नगरक्षेत्रको कुहिने फोहोर सत प्रतिशत प्रयोगमा ल्याई ग्याँस उत्पादन कार्यका लागि राप्ती नदी तटबन्धन गराउन प्रदेश

सरकारसँग समन्वय तथा सहकार्य गरिनेछ । जैविक फोहोरबाट ग्याँस **(Waste to Energy)** उत्पादन गर्न छनौट भएको निजी क्षेत्रलाई जग्गा उपलब्ध गराई निर्माण कार्य प्रारम्भ गरिनेछ ।

१७५. हेटौंडा उपमहानगरपालिकामा **UEIP** परियोजनाद्वारा निर्मित हेटौडा-५ र हेटौंडा-१० मा रहेको ३ वटा फोहरपानी प्रशोधन केन्द्र (**Waste Water Treatment Plant**) लाई मर्मत सम्भार गरी सन्चालनमा ल्याईनेछ ।

नगरसभाका अध्यक्ष महोदय,

१७६. हेटौडा उपमहानगरपालिकाको सम्पूर्ण वस्तुस्थिति झल्किने नगर पार्श्वचित्र **(City Profile)** तयारीका लागि गणकहरु मार्फत तथ्यांक संकलन गर्ने कार्य भैरहेको हुँदा आगामी आर्थिक वर्षभित्रै नगर पार्श्वचित्र **(City Profile)** तयार गरी उपमहानगरपालिकाबाट प्रदान गरिने सेवा, कार्यान्वयन गर्नुपर्ने विकास योजनाहरु तथा प्राथमिकता दिनुपर्ने क्षेत्रलाई बोधगम्य, दिगो विकासमैत्री र वस्तुगत बनाईनेछ ।

१७७. सामाजिक सुरक्षा र व्यक्तिगत घटना सम्बन्धी कार्यको प्रभावकारिता अभिबृद्धि तथा अभिलेख व्यवस्थापनलाई थप व्यवस्थित गर्न संघीय सरकारको सशर्त कार्यक्रम अन्तर्गत आगामी आ.व. मा हालसम्मको व्यक्तिगत घटनादर्ताका किताव डिजिटाइजेशन कार्य सम्पन्न गरिनेछ । साथै सेवा प्रदायक संस्था मार्फत घटना दर्ता तथा सामाजिक सुरक्षा दर्ता शिवीर र पूर्ण घटनादर्ता सुनिश्चित गर्न **Post Registration Camp** सञ्चालन गरिनेछ ।

१७८. नगरको एउटा वडालाई नमूना **Digital Ward** को रुपमा विकास गरी घरमै बसी सेवा लिन सकिने गरी सेवा प्रवाहलाई सहज, सरल र क्रमशः विद्युतीय बनाउदै लगिने नीति लिईनेछ ।

१७९. उपमहानगरपालिकाबाट प्रदान गरिने सेवालाई जनमुखी, पारदर्शी र उत्तरदायी बनाई नागरिकको सरकारी सेवाप्रति अपनत्व जगाउन नमूनाको रुपमा आगामी आर्थिक वर्षदेखि एकीकृत घुम्ती सेवा सञ्चालनमा ल्याइनेछ।

१८०. नगरवासीहरुले एक हजार वर्गफिट सम्मको नयाँ घर निर्माण गर्दा उपमहानगरपालिकाले निःशुल्क रुपमा उपलब्ध गराउँदै आएको नक्सा डिजाइन गर्ने कार्यलाई आगामी वर्ष पनि निरन्तरता दिइनेछ।

१८१. नगरवासीहरुको नागरिक अधिकारलाई मध्यनजर गरी वेवसाईट तथा मोवाईल एप्सको माध्यमबाट सेवा तथा सूचना लिन सक्ने व्यवस्था मिलाइने छ।

१८२. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय, स्थानीय तह तथा संघसंस्थाहरुसंग मैत्री सम्बन्ध विस्तार गर्ने कार्यलाई निरन्तरता दिई सम्बन्ध स्थापित भैसकेका संघसंस्थाहरुसंगको सहकार्यलाई थप मजबुत बनाइनेछ ।

१८३. हेटौडा उपमहानगरपालिकाको संगठन संरचनालाई कार्यबोझ र आवश्यकता बमोजिम पुनरावलोकन गरी सबै तहका कर्मचारीहरुको कार्य विवरण बनाई लागू गरिनेछ ।कर्मचारीको कामको मुल्यांकन गरी पुरस्कार र दण्डको नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । कर्मचारीको क्षमता विकास, अनुशासन, वृत्ति विकासमा जोड दिई कर्मचारी प्रशासनलाई जवाफदेही, प्रतिष्पर्धी र उत्प्रेरित बनाइनेछ ।

१८४. उपमहानगरपालिकामा कार्यरत राष्ट्रसेवकहरुमा कामप्रति तत्पर हुने, सेवाभाव सहित समयमा काम सम्पन्न गरी उत्कृष्ट नतिजा दिने र जिम्मेवारी वहन गर्ने संस्कृतिको विकास गर्न कार्यबोझ र कार्यप्रकृतिको आधारमा प्रोत्साहन सुविधा उपलब्ध गराइनेछ । यसरी प्रोत्साहन सुविधा उपलब्ध

गराउँदा अन्य स्थानीय तहहरुले उपलब्ध गराएको प्रोत्साहन सुविधा मापदण्ड समेतलाई आधारको रुपमा लिइनेछ ।

नगरसभाका अध्यक्ष महोदय,

१८५. आगामी आर्थिक वर्षभित्र कानून बमोजिम स्थापना भएका विभिन्न कोषहरुको सञ्चालन कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

१८६. नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को मर्म तथा भावना अनुरुप उपमहानगरपालिकाबाट आगामी आर्थिक वर्षमा कार्यान्वयन गरिने विकास योजना तथा अन्य कार्यक्रमहरुको प्रचलित कानून बमोजिम खर्च गर्ने अख्तियारी तथा लेखापरीक्षणको जिम्मेवारीसहित वडाहरुलाई अधिकार प्रत्योजन गर्न आवश्यक निर्देशिका तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

१८७. गत विगत वर्षहरुदेखि जिम्मेवारी सर्दै आएका पेश्की बेरुजु लगायत अन्य बेरुजुहरुको अद्यावधिक जानकारी तथा अभिलेखीकरण सम्बन्धी कार्यलाई व्यवस्थित तथा प्रभावकारी बनाउन उपयुक्त विद्युतीय प्रणालीको विकास गरिनेछ ।

नगरसभाका अध्यक्ष महोदय,

१८८. अब म गरिमामय नगर सभा समक्ष माथि उल्लेखित नीति तथा कार्यक्रम कार्यान्वयन गर्न आगामी आर्थिक वर्ष २०७७/७८ को बार्षिक योजना तथा बजेट तर्जुमाका आधारहरु र बार्षिक योजना तथा बजेटका प्राथमिकताहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

बार्षिक योजना तथा बजेट तर्जुमाका आधारहरु निम्नानुसार रहेका छन् ।

क) नेपालको संबिधान

ख) स्थानीय सरकार संचालन ऐन, २०७४

ग) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त ऐन, २०७४

घ) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

ङ) संघीय र प्रदेश सरकारले जारी गरेका नीति, कानुन तथा मापदण्डहरु

च) संघीय र प्रदेश सरकारले तर्जुमा गरेका बजेट तथा कार्यक्रमहरु

छ) स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पति हस्तान्तरण सम्बन्धी निर्देशिका

ज) संघीय प्रादेशिक र स्थानीय तहको आबधिक विकास योजनाहरु र श्रोत साधन

झ) नेपाल सरकारले प्रतिबद्धता जनाएका दिगो बिकासका लक्ष्यहरु

ञ) संघ र प्रदेश सरकारले अबलम्बन गरेका आर्थिक तथा सामाजिक नीतिहरु

१८९. योजना, कार्यक्रम तथा बजेट तयार गर्दा निम्न बिषयहरुलाई मुख्य प्राथमिकतामा राखिएको छ ।

क) आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने,

ख) उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,

ग) जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने,

घ) स्थानीय सहभागिता जुट्ने, स्वयंसेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,

ङ) स्थानीय स्रोत, साधन र सीपको अधिकतम प्रयोग हुने,

च) महिला, बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,

छ) लैंगिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने,

ज) दीगो विकास, बातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुर्याउने,

झ) भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सदभाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्याउने,

ञ) कोरोना रोकथाम, नियन्त्रण र उपचारमा योगदान पुर्याउने

ट) स्थानीय तहले आबश्यक देखेका अन्य बिषयहरु

नगरसभाका अध्यक्ष महोदय,

आगामी आर्थिक वर्षको लागि क्षेत्रगत बजेट विनियोजन निम्नानुसार प्रस्तुत गरिएको छ ।

पूर्वाधार विकास तर्फ

१९०. उपमहानगरपालिका क्षेत्रमा एकिकृत बसपार्क तथा टर्मिनल भवन निर्माण कार्यका लागि  रु.१४ करोड बजेट विनियोजन गरिएको छ ।

१९१. बृहत्तर चक्रपथ निर्माण कार्य निरन्तरताका लागि रु.२ करोड विनियोजन गरिएको छ ।

१९२. चालु आर्थिक बर्षमा सम्झौता भई आगामी आर्थिक बर्षका लागि जिम्मेवारी सर्ने योजनाहरुको भुक्तानीको लागि रु.१५ करोड बजेट विनियोजन गरिएको छ ।

१९३. संघीय सरकार, प्रदेश सरकार एवं अन्य संघसंस्थाहरुसंगको साझेदारीमा संचालन हुने योजनाहरुको कार्यन्वयनका लागि समपुरक कोष अन्तर्गत रु.४ करोड बजेट विनियोजन गरिएको छ ।

१९४. नगरवासीलाई स्वच्छ खानेपानी, हेटौडा खानेपानी वोर्डसंग सहलगानी कार्यक्रमका लागि रु.१ करोड ७५ लाख विनियोजन गरिएको छ ।

१९५. बस्ति तथा वडास्तरीय आयोजनाका लागि १ देखि १९ वडाहरुलाई रु.३२ करोड ७० लाख विनियोजन गरिएको छ ।

१९६. माथि उल्लेखित आयोजनाहरु समेत पूर्वाधार विकास क्षेत्र भित्र पर्ने उर्जा, भवन तथा सहरी विकास, सडक पूर्वाधार लगायतका अन्य आयोजनाहरु सम्पन्न गर्न रु.९७ करोड ९८ लाख ३९ हजार बजेट विनियोजन गरिएको छ ।

आर्थिक विकास तर्फ

१९७. ब्यबसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालन, मूल्य श्रृंखला कार्यक्रम, कृषि ईन्जिनियरिङ्ग प्रबर्द्धन कार्यक्रम, बिउबिजन वितरण कार्यक्रम लगायतका कृषि क्षेत्र प्रबर्द्धनका लागि रु.२ करोड ९६ लाख बजेट विनियोजन गरिएको छ ।

१९८. खोर सुधार, गोठ सुधार, गाईपालन, बंगुरपालन, बाख्रापालन, युवा लक्षित पशुपालन, पशु आहार घाँस वितरण, औषधि खरीद, बिउको राँगा वितरण, बिउको वर साँढे वितरण, बोका वितरण लगायत पशु सेवा सम्बन्धी कार्यक्रमका लागि रु,१ करोड ५८ लाख बजेट विनियोजन गरिएको छ ।

१९९. कृषि विकास, पशु सेवा , उद्योग प्रबर्द्धन, पर्यटन विकास र सहकारी प्रबर्धन समेत आर्थिक विकास क्षेत्रतर्फ जम्मा रु. ६ करोड ५३ लाख बजेट विनियोजन गरिएको छ ।

सामाजिक विकास तर्फ

२००. हेटौंडा-८ को चन्द्रोदय मा.वि.मा प्याराफिटसहितको खेलकुद प्रशिक्षण केन्द्रको निर्माण कार्य गर्न रु.२ करोड ५० लाख र हेटौंडा-४ स्थित कभर्ड

हलको बाँकी निर्माण कार्यका लागि रु.१ करोड बजेट विनियोजन गरिएको छ ।

२०१. सामुदायिक विद्यालयमा कार्यरत बालबिकास सहयोगी कार्यकर्ता प्रोत्साहनमा रु.१४ लाख ४० हजार र संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत विद्यार्थीहरुलाई दिवा खाजा व्यवस्थापनमा रु.३ करोड ३० लाख विनियोजन गरिएको छ ।

२०२. नमुना बिद्यालय सहितको बिद्यालय भौतिक पूर्वाधारका लागि संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत रु.२ करोड ३५ लाख विनियोजन गरिएको छ ।

२०३. सामुदायिक बिद्यालयका छात्राहरुका लागि निशुल्क सेनिटरि प्याड ब्यबस्थापनको लागि संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत रु.१ करोड ३ लाख विनियोजन गरिएको छ ।

२०४. दक्ष जनशक्ति र उपकरण सहित शहरी स्वास्थ्य केन्द्र सञ्चालनका लागि रु.१ करोड ८५ लाख विनियोजन गरिएको छ ।

२०५. कोरोना रोकथाम नियन्त्रण र उपचार कोष एवं प्रकोप (विपद) ब्यबस्थापन कोषका लागि रु.२ करोड ५० लाख विनियोजन गरिएको छ ।

२०६. राष्ट्रिय महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम अन्तर्गत यस उपमहानगरपालिकामा सेवारत महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागि प्रोत्साहन स्वरूप पोशाक सुबिधा, संचार सुबिधा, यातायात खर्च लगायतका बिबिध कार्यक्रमका लागि रु.४८ लाख विनियोजन गरिएको छ ।

२०७. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत १०० जना बिपन्न श्रमिकको १०० दिनको रोजगारीको ग्यारेन्टी सहितको ज्यालाका लागि रु.५१ लाख ९२ हजार विनियोजन गरिएको छ ।

२०८. माथि उल्लेखित आयोजना तथा कार्यक्रमहरु समेत खेलकुद प्रबर्धन, संस्कृति प्रबर्धन, लैंगिक समानता तथा सामाजिक समावेशीकरण, महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपांगता कार्यक्रम र सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम सम्पन्न गर्न सामाजिक विकास क्षेत्रतर्फ रु.७२ करोड ७४ लाख ७९ हजार विनियोजन गरिएको छ ।

वातावरण तथा विपद् व्यवस्थापन तर्फ

२०९. नगरलाई सफा, हरियाली, फूलैफूलको सहर बनाउन रु.३० लाख विनियोजन गरिएको छ ।

२१०. अन्तिम फोहोर बिसर्जन केन्द्र सुधार तथा पार्क निर्माण र फोहर पानी प्रसोधन केन्द्र संचालनका लागि रु.४५ लाख विनियोजन गरिएको छ ।

२११. ढल तथा नाला निर्माणका लागि रु.१ करोड विनियोजन गरिएको छ ।

२१२. माथि उल्लेखित आयोजना तथा कार्यक्रमहरु समेत सरसफाई तथा फोहर ब्यबस्थापन, विपद् ब्यबस्थापन र वाताबरण संरक्षण समेतका कार्यक्रम सम्पन्न गर्न वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रतर्फ रु.४ करोड ७१ लाख १९ हजार विनियोजन गरिएको छ ।

संस्थागत विकास, सेवा प्रवाह र सुशासन तर्फ

२१३. नगर पार्श्वचित्र ( **City Profile** ) तयार गर्न रु.२९ लाख विनियोजन गरिएको छ ।

२१४. घटना दर्ता तथा सामाजिक सुरक्षा दर्ता शिविर संचालनका लागि रु.२५ लाख ५८ हजार विनियोजन गरिएको छ ।

२१५. माथि उल्लेखित आयोजना तथा कार्यक्रमहरु समेत संस्थागत क्षमता विकास, सामान्य सेवा, सुरक्षा ब्यबस्थापन, सुचना प्रबिधि, पञ्जिकरण ब्यबस्थापन, स्थानीय तथ्यांक संकलन र अभिलेख ब्यबस्थापन र सुशासन समेतका आयोजना तथा कार्यक्रम सम्पन्न गर्न संस्थागत विकास, सेवा प्रवाह र सुशासनतर्फ रु.३ करोड ५४ लाख विनियोजन गरिएको छ ।

२१६. दैनिक कार्यालय सञ्चालनका लागि तलब, भत्ता लगायत अन्य प्रशासनिक खर्चका लागि रु.२३ करोड १४ लाख ५० हजार विनियोजन गरिएको छ ।

नगरसभाका अध्यक्ष महोदय,

२१७. अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्नका लागि बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

२१८. आगामी आर्थिक वर्षका लागि नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न रु.२ अर्ब ८ करोड ६६ लाख ३३ हजार विनियोजन गरिएको छ ।

२१९. आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये आन्तरिक स्रोतबाट रु. २० करोड १४ लाख ७९ हजार, राजस्व बाँडफाँडबाट ५५ करोड ०३ लाख ४४ हजार, प्रदेश सरकारको विभिन्न अनुदानबाट ८ करोड ३५ लाख ९८ हजार, सङ्घीय सरकारको अनुदानबाट ९८ करोड ९९ लाख र चालु वर्षको आषाढ मसान्तसम्म खर्च नभई बचत रहेको राजस्व रकम २६ करोड १३ लाख ११ हजार व्यहोरिने छ ।

२२०. यस उपमहानगरपालिकालाई नगर सभा पश्चात सङ्घीय तथा प्रदेश सरकारबाट अख्तियारी प्राप्त हुने सामाजिक सुरक्षा, गरीबसँग विश्वेश्वर कार्यक्रम, स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम, राष्ट्रपति चुरे तराई मधेश संरक्षण कार्यक्रम, प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम लगायतका अन्य कार्यक्रमहरुको एकल खाता कोष प्रणाली मार्फत भुक्तानी हुने भएकाले आगामी आर्थिक वर्षमा यी कार्यक्रमहरुको स्रोत समावेश नगरिएको व्यहोरा अवगत गराउँदछौं ।

नगरसभाका अध्यक्ष महोदय,

२२१. आर्थिक वर्ष २०७७/७८ को विनियोजन सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०७७ तथा अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०७७ यस सम्मानित सभामा पेश गरेका छौं ।

२२२. हामीले प्रस्तुत गरेको नीति तथा कार्यक्रम र बजेटबाट नगरवासीका आधारभूत आवश्यक्ताहरु परिपूर्ति गरी जीवनस्तरमा गुणात्मक सुधार हुँदै जाने, नगरमा उपलब्ध स्रोत साधनको उच्चतम उपयोगबाट नगरवासीको आर्थिक उन्नतिमा टेवा पुग्ने र वञ्चितिमा परेका वर्ग, क्षेत्र तथा समूहहरुको विकासमा मूलप्रवाहीकरण भई समावेशिताको प्रवर्द्धनमार्फत स्थानीय लोकतन्त्र सबलीकरण हुने विश्वास लिएका छौ ।

२२३. कोभिड १९ को संक्रमणको क्रम कहिलेसम्म रहने भन्ने अवस्थाको आंकलन गर्न सकिने अवस्था छैन । लामो समयको लकडाउनका कारण संघ, प्रदेश र स्थानीय तिनै तहको चालु बर्षको राजस्व संकलनमा प्रक्षेपण गरे बमोजिमको उपलब्धि हाशिल हुन सकेको अवस्था छैन । यस्तो अवस्थामा उपमहानगरपालिकाले लगाएका आय ठेक्का लगायत अन्य सम्झौताहरुमा कबुल गरे बमोजिमको राजस्व उठन नसक्ने भएकोले कानूनी जटिलता पनि फुकाउनु पर्ने हुनसक्छ । यस्तै अवस्था कायम रहदै गएमा आगामी बर्ष पनि हाम्रो सामु कोभिड १९ को चुनौती र यसले पर्ने प्रभावको सामना गर्नुपर्ने अवस्था आउन सक्ने देखिन्छ । हामी सबैको साथ, सहयोग र सहकार्यलाई थप प्रभावकारी बनाउन सकेमा ती समस्या र चुनौतीहरुलाई सजिलै पार गर्न सक्नेछौ भन्ने कुरामा कसैको दुईमत नहोला । कोभिड १९ को चुनौतिलाई शक्तिमा परिणत गरि अहिलेको समग्र यी नीति तथा कार्यक्रम र बजेटको प्रभावकारी कार्यान्वयनमा नगरका सबै तह र तप्काबाट योगदान हुने विश्वास लिएका छौ ।

२२४. प्रस्तुत नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्दा मार्ग निर्देशन गर्नुहुने नगर प्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, विषयगत समितिका सदस्यहरु, वडा अध्यक्षहरु, राष्ट्रसेवक कर्मचारीहरु, नागरिक समाज, बुद्धिजीवि, सञ्चार जगत तथा सम्पूर्ण नगरवासीहरुलाई धन्यवाद ज्ञापन गर्दै आभार प्रकट गर्दछौ ।

धन्यवाद ।